Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजविधान-सार

(नेपाली भाषा टीका सहित)

प्रकाशक
श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजविधान-सार

(नेपाली भाषा टीका सहित)

लेखक

प्रधान मन्त्री रङ्गनाथ पौड़ेल

टीकाकार

हरिनाथ गौतम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशक

श्री ५ को सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

श्री ५ त्रिभुवन जयन्ती तथा ३४ औं राष्ट्रिय प्रजातन्त्र दिवस २०४० फाल्गुण ७

प्रथम आवृत्तिः- ५०० प्रति

मूल्यः-

मुद्रकः— संकटा प्रेस, टेवहाल ख१-८३ काठमाडौं-३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रधानमन्त्री रङ्गनाथ पौड़ेल
जन्म वि. सं १८३० प्र. मं. वि. सं. १८६४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दुई शब्द

राष्ट्रिय अभिलेखालयको हस्तलिखित शाखामा रहेका महत्त्वपूर्ण ग्रन्थहरू-लाई सम्पादन गरी प्रकाशनमा ल्याउने उद्देश्य अनुरूप आज 'राजविधानसार' पाठकहरू समक्ष ल्याइएको छ। प्रस्तुत पुस्तक नीति सम्बन्धी हो र यसको रचयिता राजगुरू मुख्तीयार पं. रङ्गनाथ सूरि पौडेल हुनुहुन्छ। पं. रङ्गनाथ पौडेलज्यूले कामन्दक निदर्शन, पंचतन्त्र आदि कतिपय नीति सम्बन्धी ग्रन्थहरूको अध्ययन गर्नु भई आफ्नै पद्यात्मक शैलीमा प्रस्तुत पुस्तक तयार पार्नु भएको हो। पं. रङ्गनाथ पौडेलज्यू, श्री ५ रणबहादुर शाह तथा भीमसेन थापाका साथ काशीबाट काठमाडौं आउनुभएका हुन्। पुस्तकमा मिति नभएकोले पुस्तक कहिले तयार भयो भन्न सकिन्न। तर श्री ५ गीर्वाण युद्ध वीर विक्रम शाह विद्यार्जन अवस्थाका होइवक्सेको-ले संभवतः मुख्तीयार भीमसेन थापाको आज्ञाले राजालाई नीति सम्बन्धी आवश्यक ज्ञान दिलाउनको लागि नै प्रस्तुत पुस्तक तयार पारिएको हुनुपर्छ।

फाल्गुण ७ गते नेपाली मात्रको निम्ति एउटा महान चाड पर्वको रूपमा मनाइने दिन हो। यही दिनको सुखद उपलक्षमा आज राष्ट्रिय अभिलेखालयले प्रस्तुत पुस्तक जनसमक्ष ल्याएको छ। प्रस्तुत पुस्तक जनसाधारणले पनि बुझ्न सकोस् भन्ने हेतुले यसको सरल तथा सुबोध भाषामा नेपाली टीका पनि दिइएको छ। बडो परिश्रम गरी टीका लेखिदिनु भएकोमा हस्तलिखित शाखाका ध. आ. श्री हरिनाथ गौतमजी तथा वहाँका अधीनस्थ सहायकहरूलाई अभिलेखालयको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु। अन्तमा प्रूफ रिडिङ्ग सम्बन्धी सम्पूर्ण जिम्मा लिई पुस्तकको प्रकाशनमा सहयोग गर्नु भएकोमा यस अभिलेखालयका श्री बाबुकृष्ण ढकाल तथा श्री पूर्णरत्न वज्राचार्यज्यू प्रति पनि कृतज्ञता ज्ञापन नगरी रहन सकिन्न।

बलरामदास डंगोल
प्रधान अनुसन्धान अधिकारी
राष्ट्रिय अभिलेखालय

७ फाल्गुण २०४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भूमिका

पाठकहरूका समक्ष प्रस्तुत हुन आएको राजविधानसार भन्ने ग्रन्थ राजसिंहासनारूढ राजाका सप्ताङ्ग, कामन्दकनिदर्शन एवं पञ्चतन्त्र आदि विभिन्न नीतिशास्त्रहरूको अनुसन्धानद्वारा र संगृहित आफ्नै रचना-शैलीले देवनागरिक पाण्डुलिपिमा पद्यात्मक रूपले श्री ५ महाराजाधिराज गीर्वाण युद्ध विक्रम शाह देवका समयका श्री पण्डितराज व्रजनाथ पौडेलका सुपुत्र पण्डितराज श्री रङ्गनाथ पौडेलले लेखनु भएको यो पुस्तक यस राष्ट्रिय अभिलेखालयमा २/३२ ल. नं. मा दर्ता भएको छ। यसमा राजालाई राज्यका सप्ताङ्गज्ञान अर्थात् राजनीतिमा राजाको इति कर्तव्य मध्ये स्वामी, अमात्य, राष्ट्र, किल्ला, कोष, वल (सैन्य) मित्र क्रमशः वडा गुरूज्यू, मूल पुरोहित नर्म सचिव, सेनापति, कोषपति, भण्डारे, वैद्य, महानसाध्यक्ष (भान्छे) गुप्तचर दूत, ढोके, चार, नोकर, वैद्य, ज्योतिषी, सल्लाहकार सीमा र सीमामा राखन योग्य व्यक्ति चतुरङ्ग सैन्य समेत सवै परिपूर्ण हुनु पर्दछ, राजाबाट समयको मूल्याङ्कन गरी वेतन र कर आदिको सुप्रवन्ध मिलाई कार्यपालिका र न्यायपालिकातर्फ समेत सुयोग्य इमान्दार कर्मठ राजभक्त विभागाध्यक्षहरू नियुक्ति गर्दा प्रधान मन्त्री, प्रधान न्यायाधीश, मुख्य सचिव एवं अन्य मित्रजनहरूको राय सल्लाहवाट नियुक्त गरिनु पर्दछ, सवै सुप्रवन्ध मिलाएर राजसभामा प्रवेश गर्नु पर्दछ भन्ने कुराहरूको उल्लेख छ। षड्वर्गबाट उठ्न सम्भव हुने गुण अवगुण समेत स्वाधीनता गराउनु पर्दछ। सभामा विनम्र र सत्य बोल्नु पर्दछ। राजाले इन्द्र, अग्नि, यम, वरूण, वायु, कुवेर, चन्द्र आदि समेतको मात्रा धारणा गरेको हुन्छ। यसकारण राजा सवैको मान्य हुनुहुन्छ। यस्तै राजाले परीक्षा गरिएको भक्ष्य भोज्य पेय पदार्थ भोजन गर्नु पर्दछ। समय समयमा सुयोग्य चिकित्सकद्वारा शरीरको परीक्षा गराउनु पर्दछ। शयन गर्ने र विलास गर्ने तरिका जागाहुने समय राजकुमारलाई सुयोग्य गराउने विधि र यौवराज्य-पदमा नियुक्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरी अभिषेक दिने तरिका समेतको उल्लेख छ। अतः प्रस्तुत पुस्तक नीति सम्वन्धी भएकोले महत्त्वपूर्ण तथा मनन गर्न योग्य छ। यो पाण्डुलिपिको पुस्तकलाई प्रकाश गरिदिएमा पाठकवर्ग एवं विद्यार्थीवर्गहरूलाई समेत सेवा गर्ने सुअवसर यो पुस्तकले उपलब्ध गर्ने छ भन्ने हेतुले राष्ट्रिय अभिलेखालयको तर्फबाट सरल नेपाली भाषामा टीका लेखी प्रकाशित गरिएको छ। यसमा देखिएका त्रुटिहरूप्रति पाठकवर्गले सहानुभूति राखी युक्तिसङ्गत सुझाव दिनु भएमा कृतज्ञता संझी यस ग्रन्थबाट नैतिक जगतमा केही लाभ भएको र प्रकाशन सफल भएको संझनेछ। धन्यवाद

हरिनाथ गौतम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पं. रङ्गनाथ पौडेलको ऐतिहासिक चिनारी

नेपालको इतिहासमा पं. रङ्गनाथ पौडेलको नाम नसुन्ने व्यक्ति कमै भएता पनि यिनको जीवनीवारे विस्तृत जानकारी भने अझै इतिहासका पाठकहरूलाई हुन सकेको छैन । यो कठिनाइ पं. रङ्गनाथको जीवनीसंग मात्र नभई नेपालको इतिहासमा प्रसिद्धि पाएका अरू कतिपय ऐतिहासिक व्यक्तिहरूको जीवनीसंग पनि देखा पर्न आउँछ । सायद इतिहासको यही कमीहरूलाई नै महशूस गरिवक्सेर स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहवाट "हामी इतिहासवाट पीडित छौं" भनिवक्सेको होला । अभिलेख हामीकहाँ नभएको होइन तर अभिलेखलाई सुरक्षा गरी क्रमवद्ध तरीकावाट राख्ने शीप, ज्ञान तथा महत्वको अभावले नै गर्दा आज हामीहरूलाई कठिनाइहरूको सामना गर्नुपरिरहेको छ । पाइएका स्रोतहरूको आधारमा यिनको ऐतिहासिक चित्रण गरिएको छ । यिनको परिवारको सम्वन्ध श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको समयदेखि नै शाह परिवारसंग सम्वन्ध भएको देखिन्छ । एउटा प्राप्त वंश परिचयवाट यिनको वंश परिचय निम्न वमोजिम भएको देखिन्छ ।★

करूणाकर शर्मा
|
गंगाधर शर्मा
|
लक्ष्मीधर शर्मा
|
धर्माङ्गद शर्मा — शुकदेव — जयमंगल

(शुकदेव)
|
व्रजनाथ — रघुनाथ — जगन्नाथ — लोकनाथ — हरिनाथ

(व्रजनाथ)
|
पं. रङ्गनाथ — पं. कृष्ण — पं. विष्णु — पं. नारायण

(पं. रङ्गनाथ)
|
जीवनाथ
|
प्रेमनिधि
|
नन्दकिशोर शर्मा

★श्री जगतप्रकाश पौडेल, कोपुन्डोलसंग रहेको टिपोटको आधारमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

युवराजाधिराज श्री पृथ्वीनारायण शाहको प्रथम विवाहमा केही विषयलाई लिएर मकवानपुरसंग खिचोला उठेकोले पृथ्वीनारायण शाहको दोश्रो विवाह गोरखामा नै डोला झिकाई गर्ने निर्णय गरिएको थियो। उपयुक्त डोला खोज्न भनी गोरखावाट भानु जोशी काशीतर्फ लागे। काशीमा यही भानु जोशीको भेट जयमंगल पौडेलसँग भयो। जयमंगल पौडेल पश्चिमा थिए। वावुराम आचार्यले यिनलाई रिशिङ्गका भनेका छन् ❁। काशीको वौद्धिक तथा धनी समाजमा यिनको आवतजावत थियो। भानु जोशीले आफू काशी आउनाको उद्देश्य वताए पछि जयमंगल पौडेलले नै भानु जोशीको भेटघाट वावु अभिमानसिं राजपूतसंग गराइदिए। यसरी जयमंगलकै सहायतावाट अभिमानसिंकी छोरी नरेन्द्रलक्ष्मीलाई डोलाको रूपमा गोरखा ल्याइयो। नरेन्द्रलक्ष्मी संगसंगै जयमंगल पनि गोरखा आए। यिनै जयमंगल पौडेललाई श्री ५ पृथ्वीनारायण शाहवाट रानी नरेन्द्रलक्ष्मीको गुरुको पदवी दिए। यसरी पौडेल परिवारको सम्बन्ध शाह परिवारसंग हुन गयो। जयमंगलको छोरा पं. व्रजनाथ श्री ५ प्रतापसिंह शाहका दीक्षा गुरु थिए ✵। श्री ५ प्रताप सिंह शाहमाथि पं व्रजनाथको ठूलो प्रभाव थियो। यिनैको मंत्रणानुसार युवराजाधिराज प्रतापसिंह शाहले वसन्तपुर दरवारमा वसी राजकाजको काम हेर्दथे। व्रजनाथको प्रभावमा रहेर युवराजाधिराज प्रतापसिंह शाहले गरेका कतिपय कारवाहिलाई सभवतः श्री ५ पृथ्वीनारायण शाहलाई मन परेको थिएन। त्यसैले "दिव्य उपदेश" मा उल्लेख भएको "पूर्व पछिमका षस वाहुनलाई दरवारमा पैंठ हुन नदिनु क्यान भनौला वाहिडा मान्छयाले दरवारमा विथिति गराउन्छन्" पूर्वका खस भन्नाले स्वरूपसिं कार्की र पश्चिमका वाहुन भन्नाले व्रजनाथ पं. लाई लक्षित गरेको हो भनी वावुराम आचार्यको भनाइ छ 卐।

श्री ५ पृथ्वीनारायण शाहको स्वर्गारोहणको लगतै व्रजनाथ पं. को आग्रह अनुसार नै श्री ५ प्रतापसिंह शाहवाट आफ्ना भाइ वहादुर शाहलाई नुवाकोटमा नजरवन्दमा राखि-वक्सियो। त्यसैले पछि वहादुर शाह शक्तिमा आए पछि उनले पं. व्रजनाथलाई देश निकाला गरिदिए (१८३४ वि. सं.) देश निकाला भए पछि पं. व्रजनाथ काशी आई वस्न थाले। पं. रङ्गनाथ यिनै व्रजनाथका छोरा हुन्। यस वखत रङ्गनाथ ४ वर्षका वालक थिए ❦। पुरातत्त्व विभागको सौजन्यवाट प्राप्त भएको रङ्गनाथको फोटोमा वहाँको जन्म सम्वत् १८३० उल्लेख

❁ नेपालको संक्षिप्त वृत्तान्त।

✵ ऐ ऐ

卐 ऐ ऐ

❦ प्रो. तोत्रराज र पं. नयराज– नेपालको संक्षिप्त इतिहास।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भएको छ ; यिनले विद्या आर्जन काशीमा नै गरे । पौडेल परिवार मध्येमा यिनी बडो जेहनदार तथा मेधावी थिए । संस्कृत साहित्यको अध्ययनको साथसाथै यिनी पर्शियन भाषाको पनि ज्ञाता थिए । पौडेल परिवारको काठमाडौं आगमन पनि संभवतः स्वामी रण बहादुर शाहको काठमाठौं आगमन संगसंगै भएको हुनुपर्छ । किनभने मुख्तीयार रणवहादुर शाहको हत्या भएको रात त्रिभुवन खवासको घरमा बसेको कचहरीमा पं. रङ्गनाथ पौडेलको पनि उपस्थिति थियो ★। भीमसेन थापाको मुख्तीयारी कालमा यिनले र यिनका भाइहरूले विभिन्न पदमा बसी (खास गरेर वैदेशिक मामिला सम्बन्धी) काम गरे। यिनले कचौरवावाट पठाएका पत्रहरू राष्ट्रिय अभिलेखायले ऐतिहासिक चिट्ठीपत्र अन्तर्गत प्रकाशनमा ल्याइसकेको छ । वि. सं. १८९४ श्रावणमा भीमसेन थापाको पतन भएपछि पं. रङ्गनाथकै नेतृत्वमा मन्त्रीमण्डलको गठन भयो। यो मन्त्रीमण्डल श्रावण १८९४ देखि माघ १८९६ सम्म कायम रह्यो☼ पं. रङ्गनाथको जिम्मामा मुल्की वंदोवस्त तथा वैदेशिक मामिला थियो। यो मन्त्रीमण्डल न दिगो नै रह्यो नत त्यसले कुनै ठोस काम गर्न नै सक्यो । किनभने पं. रङ्गनाथ भीमसेन थापाको समर्थक थिए त्यसैले जेठी महारानी साम्राज्य लक्ष्मींले उनलाई रुचाउँदैनथे ।

फलतः पं. रङ्गनाथले राजीनामा दिए । यिनले आफ्नो छोटो मुख्तीयारी कालमा भीमसेन थापालाई राजद्रोहको आरोपवाट मुक्त गराए, उनको सम्पति फिर्ता दिलाए, छोरा छोरीलाई बन्धक राख्ने वा किन्ने वेच्ने प्रथा माथि प्रतिवन्ध लगाए, १२ वर्ष मुनिका विधवालाई सती जानमा प्रतिवन्ध लगाए र किरांत जातमा सानी आमा वेहोर्ने चलनलाई निरुत्साहित गर्न खोजे इत्यादि । पं. रङ्गनाथ पौडेलको पतन पछि चौ. फत्तेजंगको नेतृत्वमा मन्त्रीमण्डलको गठन भयो । तर यो मन्त्रीमण्डलले पनि काम गर्न सकेन । रणजंग पाडेको चकचकी खप्न नसकी पं. रङ्गनाथ फेरि काशीतर्फ लागे । भण्डारखाल पर्वपछि श्री ५ राजेन्द्र वीर विक्रम शाहको आगमन काशीमा भयो । यहाँ पं. रङ्गनाथको श्री ५ राजेन्द्र वीर विक्रम शाहसंग सम्पर्क वढ्यो । यिनी श्री ५ राजेन्द्रसंग अलौपर्व सम्म देखा पर्दछन् । यसपछि यिनको बारेमा थाहा हुन सकेको छैन । यिनको मृत्यु कहिले भयो यो पनि अठोट हुन सकेको छैन । संभवतः यिनको वांकी जीवन पनि काशीमा नै वित्यो । कोतपर्व पछि राणा शासन शुरू भयो । यस शासनकालमा देशको सम्पूर्ण महत्त्वपूर्ण ओहदाहरूमा एक विशेष वर्गको एकाधिकार हुन गयो । तर यो एकाधिकारको चलन राणाशासन अघि पनि थिएन पछि पनि रहेन । योग्यताको आधारमा देशको

★ इतिहास प्रकाश– सम्पादक योगी नरहरिनाथ ।

☼ चित्तरञ्जन नेपाली– शारदा पत्रिका २०१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उच्चसे उच्च पदमा जन साधारणवाट पनि नियुक्ति हुन्थ्यो। यसको ज्वलन्त उदाहरण पं. रङ्गनाथ पौडेलको नियुक्तिलाई लिन सकिन्छ।

पं. रङ्गनाथ आफ्नो समयका विद्वान् मध्ये एक थिए। यिनले कतिवटा पुस्तकहरूको रचना गरे त्यो पनि अझै यकीन हुन सकेको छैन। यिनको कर्पूरस्तव को टीका सम्वत् १९६० मा काशीवाट प्रकाशित भैसकेको छ। अभिलेखालयको २/३२ नं. लगतमा दत भिएको "राजविधान सार" आज पाठक समक्ष प्रस्तुत गरिएको छ।

प्र. अ. अ.

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजविधान-सार

श्रीगणेशाय नमः ।। श्रीगुरूचरणाभ्यां नमः ।।

प्रणम्य गोविन्दपदारविन्दं देवीं गिरां गौरवमंघ्रियुग्मम् ।।
लोकद्वयानन्दकरं करोति गूढाशयं राजविधानसारम् ॥ १ ॥

श्रीगोविन्दभगवानको र सरस्वती देवीको पाउमा दण्डवत गरेर दुवैलोकलाई आनन्द प्रदान गर्ने गुह्य आशय भएको राजविधानसार नामको सानो ग्रन्थ निर्माण गरिन्छ ।

नानानिवन्धनविलोकनखेदशान्त्यै संगृह्य धर्मनयमूलवचो विभाव्य ।।
सारं निगृह्य नृपशिक्षणकौतुकाय श्रीरङ्गनाथकृतिना रचितो निवन्धः ॥ २ ॥

विभिन्न प्रकारका निवन्ध एवं राजनीतिशास्त्रहरूको समालोचना गरेर मनमा उब्जेका तर्क वितर्कको शान्ति गर्नको निमित्त र राजालाई राजनीतिको मूलतत्व सरल तरिकाबाट शिक्षा दिन श्रीरङ्गनाथ कविद्वारा यो निवन्ध रचना गरियो ।

नेपालदेशालिककान्तिपुर्यां गीर्वाणयुद्धोत्तरविक्रमस्य ।।
राजाधिराजस्य मनःसरोजं प्रकाशयेद्राजविधानसारः ॥ ३ ॥

नेपालको मुख्य राजधानी श्रीकान्तिपुरमा महाराजाधिराज श्री ५ गीर्वाणयुद्धवीर विक्रमलाई प्रफुल्लित गराउन यो राजविधानसार प्रकाशमा ल्याइयो ॥

पूर्णाङ्गो धर्मनिष्ठो गुणगणनिपुणः शक्तिसंपन्नसारो
नानोपायः प्रकारावसगरचनचिन्नीतिविज्ञः कलावान् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भूपालेन्द्रो विपक्षं तृणमिव लघयन्नीतिचर्याकलापै-
र्यावज्जीवं प्रमोदं बहु विततयशो विन्दते स्वर्गमायुः ॥ ४ ॥

अङ्गपरिपूर्ण धर्ममा विश्वास गुणसम्पन्न शक्तिशाली समय अनुसार विभिन्न प्रकारका रचना गर्न निपुण कलावान् नीतिशास्त्रज्ञ राजाले शत्रुलाई तृणसरि मान्ने राजनीतिमा चतुरा आफ्नो अमूल्य संपूर्ण जीवन आनन्दपूर्वक उपभोग गर्दै आफ्नो यश (कीर्त्ति)को विस्तार गरेर जीवनको अन्त्यमा स्वर्ग प्राप्त गर्दछन् ।

तस्माद्राजानिशं सर्वमङ्गादि परिसाधयेत् ॥
अभ्यसेद्धर्मनीत्यादि शासनं गुरूसेवनात् ॥ ५ ॥

त्यसंकारण राजाले प्रतिदिन सबै नै राज्यहरू ठीक अवस्थामा राखेर धर्मको आधारमा गुरूजनको सेवा गर्दै मुलुकको शासन गरून् ॥

अङ्गादिरूपतद्योग्यं कालस्थानादिसाधनम् ॥
कथ्यते नु क्रमेणेह प्रसन्नमृदुलाघवम् ॥ ६ ॥

अङ्गरूपि योग्य (लायक) समयस्थानादिको साधन प्रसन्नता सरलता लाघवता यथाक्रमले बताइन्छ ।

अङ्गानि सप्तराज्यस्य कामन्दकनिदर्शने ॥
स्वाम्यमात्यश्च राष्ट्रं च दुर्गः कोषो बलं सुहृत् ॥ ७ ॥

राज्यका, कामन्दक निदर्शनमा स्वामी अमात्य, राष्ट्र, दुर्ग (किल्ला) कोष (ढुकुटि) बल (सैन्य) सुहृत् (मित्र) यी सात अङ्ग हुन्छन् ।

तत्र स्वामी भवेद्राजा तस्य चाङ्गेषु मुख्यता ॥
यदि न स्यान्नरपतिः सम्यग्नेता ततः प्रजाः ॥ ८ ॥

राज्यका सप्ताङ्गहरूमा प्रधान (मुख्य) राजा नै हुनु हुन्छ ।

अकर्णधारा नौकेव विप्लवेरनुमहोदधौ ॥
एकाङ्गेनापि विकलं राज्यं साधु न वर्त्तते ॥ ९ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राज्यको नेतृत्व नभएमा वहाना नभएको डुङ्गा मनपर्दो तरिकाबाट वहेर ठूलो समुद्रमा डुवेझैं प्रजाहरू अव्यवस्थित भएर भाङ्छिन्छन्। अतः सप्ताङ्गमा एक अङ्ग मात्र कमी भएमा राज्य राम्रोसंग चल्दैन।

तस्य सामग्र्यमन्विच्छन् कुर्वीताशु परीक्षणम् ॥
आत्मानमेव प्रथमं कुर्याद्गुणसमन्वित ॥ १० ॥

यथाशीघ्र सप्ताङ्ग साधनहरूको पूर्णविचार गरेर राजाले सर्वगुण सम्पन्न हुनुपर्छ।

स्वयं तु गुणसंयुक्तः ततःशेषं परीक्षयेत् ॥
आत्मसंपद् गुणैर्युक्तो राजा भवितुमर्हति ॥ ११ ॥

आत्मसंपद्गुणैर्युक्तो राजा भवितुमर्हति भन्नेछ।

यसकारण राजाले आफु सर्वगुण सम्पन्न भएर वांकी राज्याङ्गहरूको परीक्षा गरून्।

गुरूदेवतयो भक्तिः श्रद्धागो ब्राह्मणेषु च ॥
क्रोध-लोभ-भय-द्रोह-स्तम्भ-चापलवर्जिता ॥ १२ ॥

राजाले गाई ब्राह्मण गुरू देवतामा विशेष भक्ति राख्नु र भय क्रोध (रीस) लोभ डर द्रोह स्तम्भ चपलता आदिमा वर्जित रहनु पर्दछ ॥

अनृतत्यागशक्त्यादिरात्मसंयत प्रकीर्त्तिता ॥
शुश्रुषा श्रवणं चैव ग्रहणं धारणं तथा ॥ १३ ॥

यस्तै मिथ्यावाट वच्नु त्यागी हुनु गुरूजनको सेवा गर्नु ग्रहण (लिनु) धारणा गर्नु आदि राजाका आत्मशक्ति भनिन्छन्।

उहापोहोर्थविज्ञानं तत्त्वज्ञानं च धीगुणाः ॥
दाक्ष्यं शैघ्र्यं तथामर्षो धैर्यं चोत्साहलक्षणम् ॥ १४ ॥

यस्तै तर्क वितर्कवाट आर्थिक विज्ञान तत्वज्ञान वुद्धिका गुणहरू दक्षता शीघ्रता प्रसन्नता धैर्यता यी सवै राजामा रहनु पर्ने उत्साहका लक्षणहरू हुन् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गुणाः पञ्च तथान्येपि कथिता नीतिशासने ॥
त्यागं सत्यं च शौर्यं च त्रय एव महागुणाः ॥ १५ ॥

यस्तै नीतिशास्त्रमा राजामा रहनु पर्ने गुणहरूमा त्यागी हुनु सांचो बोल्नु शूर्याई गर्नु यी तीनवटा महागुण बताइएका छन् ॥-

प्राप्नोति हि गुणा सर्वानैतेरेव नराधिपः ॥
नृपाणां च नराणां च केवलं तुल्यमूर्तिताः ॥ १६ ॥

राजामा रहनु पर्ने उपरोक्त सप्ताङ्गको सर्व गुणसम्पन्न राजा र प्रजाको राम्रो हुन्छ ।

आधिक्यन्तु क्षमा धैर्यमाज्ञादानं पराक्रमः ॥
आमात्यस्तु स्मृतो मंत्री राज्याङ्गेषु प्रतिष्ठितः ॥ १७ ॥

अमात्य शब्दले राज्याङ्गमा सुप्रतिष्ठित प्रधानमन्त्री बुझाउंछ सो प्रधानमन्त्रीमा राजामा रहनु पर्ने गुणहरूका अतिरिक्त क्षमा (सहनशील) धैर्यता आज्ञापालन दान समेतका गुणहरूले सुशोभित हुनु पर्दछ ।

मंत्रीभिर्धार्यते राज्यं सुस्तम्भैरिव मन्दिरम् ॥
मंत्र्यादिभिर्विना राज्यं नास्ति भूपेऽपि केवले ॥ १८ ॥

मजबुत थामले घरको सबै बोझालाई थामेझैं मन्त्रीले राज्यको सबै अङ्गलाई धारणा गरेको हुन्छ । मन्त्रीहरू विना राजामा मात्र राज्याङ्गहरू उपयुक्त हुंदैन ॥

दुर्योधनःसमर्थोऽपि दुर्मंत्री प्रलयङ्गतः ॥
राज्यमेकं चकारोच्चैः सुमंत्री चन्द्रगुप्तकः ॥ १९ ॥

दुर्योधन सुयोग्य राजा भएर दुशासन आदि नालायक मन्त्रीहरूले गर्दा भ्रष्ट हुनु पर्‍यो । चन्द्रगुप्तका सुयोग्य चाणक्य आदि योग्यमन्त्री भएकोले राज्य उच्चतम तवरले चलाएका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तस्मादङ्गत्वमापन्नं सचिवं संपरिच्चयेत् ।।
द्वितीयो नर्मसचिवः कुपितस्त्रीप्रसादकः ।। २० ।।

त्यसकारण राज्याङ्ग भएकोले खुब विचार गरेर सुयोग्य मन्त्री राख्नु पर्दछ ॥ दोस्रो नम्बरमा नर्मसचिव क्रोधी र स्त्रीजनप्रिय मात्र भयो भने राज्याङ्गमा योग्य हुन्दैन, यसतर्फ पनि खुबै बुद्धिपूर्वक विचार गर्नु पर्दछ ।

राज्याङ्गे नुपयुक्तत्वा त्यज्यते तन्निरूपणम् ।।
मंत्रतंत्रार्थतत्त्वज्ञा देशकालोचितक्रियाः ।। २१ ।।
कुलीनाः शूचयः शूराः श्रुतवतोनुरागिणः ।।
दण्डनीतिविदो दक्षाः सचिवाः स्युर्महीपतेः ।। २२ ।।

त्यसकारण मन्त्री राज्याङ्ग भएकोले खुब विचार पुयाएर परीक्षा गरेर सुयोग्य मन्त्री राखिनु पर्दछ। दोस्रो नम्बरमा नर्म सचिव जोहो त्यो क्रोधी र स्त्रीजनलाई प्रसन्न दिलाउने भयो भने राज्याङ्गमा उपयुक्त हुंदैन। त्यस्तालाई हताई दिनु पर्दछ। देशकाल समय अनुसार उचित कार्य र समय अनुसार मन्त्र (गुप्त कुरा र शासन पद्धति) तन्त्रार्थ (शासन गर्ने प्रणालीको) तत्वज्ञा (यथार्थ बाहिरी सल्लाह र आन्तरिक समय सुहाँउदो सल्लाह दिन योग्य) कुलीन निष्कपट स्वच्छ शूरा विद्वान् जनप्रिय दण्डनीति जान्नेमा सिपालु राजाका योग्य मन्त्रीहरू रहनु पर्दछ ॥

नियोगिभिस्तथोपाङ्गै र्विनाराज्यं न सङ्गतम ।।
गुरूः पुरोहितो धर्मे ऽधिकृतश्च नियोगिनः ।। २३ ।।

लगाउनु पर्ने काममा लगाइका नियुक्त गर्नु पर्ने काममा लगाइका कुनै चीज कमी भएमा अभावपूर्ति गर्ने साधन हुनु पर्दछ।

राज्याङ्गमा के कस्ता व्यक्तिलाई कुन् स्थानमा नियोग गरीनुछ त्यस काममा लगाउनु पर्छ र कुनै वस्तुको कमी छ भने अभाव पूर्ति गरेर (नियोगीहरू) काममा लगाइएका व्यक्ति धर्माधिकार सुयोग्य गुरू, र शास्त्रज्ञ पुरोहित राखिनु पर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सेनापतिः कोषपतिर्भाण्डागारिक एव च ॥
भिषक्कार्तान्तिकः सूदः प्रतीहारस्तथाचरः ॥ २४ ॥

राज्याङ्गमा सेनापति कोषपति अर्थात् सेनाका मालिक (अध्यक्ष) महारथी कोषाऽध्यक्ष भण्डारे रोगीको औषधि गर्ने वैद्य भान्छे ढोके गुप्तचर ॥ समेत राखिनु पर्दछ ।

सदा सन्निधिगा भृत्या राज्यवृद्धिसुखप्रदा ॥
अङ्गत्वेन स्थिता यस्मात्ततस्तांश्च परीक्षयेत् ॥ २५ ॥

यस्तै चाकर (सेवक) हरवखत साथ रहने उपर्युक्त यी सबै राज्याङ्ग हुन् र राज्यमा राज्यको वृद्धि र सुखदिने हुन्छन् यसकारण यी सबैको राम्रो छानवीन र (जाँचबुझ) गरेर मात्र नियुक्त गरीनु पर्दछ ॥

वेदशास्त्रार्थवित्सौम्यो धर्मनीतिविशारदः ॥
क्रोधलोभभयद्रोहविहीनो मंत्रतंत्रवित् ॥ २६ ॥
दयावाननृत त्यागी सदाचारो जितेन्द्रियः ॥
लोकद्वयहितापेक्षी गुरुरेवंविधो भवेत् ॥ २७ ॥

राज्याङ्गका निमित्त नियुक्त गरिनु पर्ने वडा गुरूज्यू शिष्ट (शान्त) प्रकृति भएको वेद र शास्त्रको अर्थ (मर्म) समेत जान्ने धर्मनीतिमा दक्ष (सिपालु) क्रोध लोभ भय (त्रास) द्रोह (परनिन्दा) रहित मन्त्र (गुप्तकुरा) तन्त्र (शासन प्रणालीको) वागडोर जान्ने यस्तै दयावान् सदाचारी जितेन्द्रय सत्यवादी दुवैलोक (यसलोक र परलोकको) समेत कल्याणापेक्षी यस्ता सर्वगुणसम्पन्नलाई नियुक्त गरिनु पर्दछ ॥

वेदवेदाङ्गविद् दक्षो जपपूजापरः शुचिः ॥
तुष्टो जितेन्द्रियो नित्यं हितार्थी स्यात् पुरोहितः ॥ २८ ॥

राजपुरोहित वेद र वेदाङ्गहरू सबै बुझेको दक्ष (चतुरो) नित्य जप पाठ पूजामा लागेको पवित्र जितेन्द्रिय प्रसन्नचित्त कल्याणापेक्षी यी सबै विशेषणले युक्त भएको रहनु पर्दछ ॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्रुतिस्मृतिपुराणज्ञः सत्यवाक् समदर्शनः ॥
जितेन्द्रिय शुचि दक्षो धर्माऽध्यक्षो महीभुजाम् ॥ २९ ॥

राज्याङ्गमा धर्माऽध्यक्ष (धर्माधिकारी) वेद धर्मशास्त्र पुराणज्ञाता (जान्ने) सत्यवादी समदर्शी जितेन्द्रिय पवित्र रहने दक्ष (चतुरो) उपर्युक्त गुणले सुशोभित भएको रहनु पर्दछ ।

शूरोऽर्थशास्त्रनिपुणः कृतशस्त्रकर्मा संग्रामरीतिचतुरश्चतुरङ्गचारी ॥
भर्तुर्निर्देशंवशगोभिमतश्च मंत्रे सेनापतिर्नरपतर्विजयागमाय ॥ ३० ॥

विजय प्राप्त गर्नको निमित्त सेनापति शूरो सिपालु शस्त्रविद्यामा तालिम पाएको युद्धको समयमा सबै रितिस्थिति मिलाउन चतुरो हात्ति चढने घोडा चढने रथयात्रा गर्ने एवं पैदल हिंडने समेत चारै प्रकारको शक्तिशाली सदा राजाज्ञा पालन गर्ने र आशय अनुसार युक्ति संगत राय सल्लाह दिनमा समर्थ भएको हुनु पर्दछ ॥ ३० ॥

आयव्ययप्रमितिपात्रविभागवेत्ता धीमानलुब्धमतिरर्थपरीक्षणज्ञः ॥
वाक्पेशलो द्रविणसंचयवित् स्वभक्तः कोषाधिपो भवति कोषसमृद्धिहेतु ॥ ३१ ॥

राज्याङ्गमा कोष (ढुकुटी) समृद्धिको निमित्त आयव्ययको ठीक ठीक हिसाव राख्न समर्थ बुद्धिमान केही लोभिस्वभाव. मुद्राको परीक्षा गर्न जान्ने कुरा मिलाउन कुशल, अर्थ सञ्चय गर्न सिपालु. राजभक्त उपर्युक्त सबै गुणले युक्त भएको कोषाधिपति राखिनु पर्दछ ॥

वस्तुस्थापनरक्षणविनियोगज्ञ कुलागतोऽलुब्धो–
वाक्पेशलप्रवीणो भाण्डागारे नियोगार्हः ॥ ३२ ॥

मालसामान राख्ने (थनक्याउने) र झिकने कार्यमा निपुण परंपरादेखि भण्डारेको काम गर्दै आएको लोभ नभएको बोल्न कुशल चलाख व्यक्तिलाई भंडारेमा राख्न योग्य हुन्छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धर्मशील मतिमान् दृढचेता व्याधितत्त्वपरिहारविधिज्ञः ॥
वाक्पटुर्लघुकरो जितलोभः संमतो भिषगयं नृपतेःस्यात् ॥ ३३ ॥

धार्मिक स्वभाव बुद्धिपूर्वक काम गर्ने मनस्थीर राख्न समर्थ रोगको निदान पत्ता लगाएर रवारध्योपचार गर्ने विधि जान्ने बोल्न सिपालु हल्का हात भएको लोभ नगर्ने राय सल्लाह दिन समर्थ राजाको वैद्य रहनु पर्दछ ॥ ॥

प्रश्नाविधानकुशलः प्रतिभानवीनो होरादिनेशगणीतागमतत्त्ववेदी ॥
दक्षोतिसत्यवचनो द्विजदेवभक्तो मौहूर्त्तिको नरपतेर्विजयार्थदःस्यात् ॥ ३४ ॥

राजज्योतिषी प्रश्नकर्ताको प्रश्न अनुसार उत्तर दिन प्रतिभा भएको होराशास्त्र सूर्यसिद्धान्त गणितशास्त्रको समेत मर्म बुझेको सत्य वचन बोल्ने चतुरो ब्राह्मण र देवताको भक्त भएको हुनु पर्दछ। यस्तो ज्योतिषीले दिएको मुहूर्त्तमा राजालाई विजयार्थ दिने हुन्छ ॥ ॥

कुलक्रमागतः शान्तः पाकशास्त्रविचक्षणः ॥
अलोलुपो धैर्यशाली भक्ष्यकारः प्रशस्यते ॥ ३५ ॥

राजाको भान्से कुल परंपरादेखि दरबारमा नै पकाउने काम गर्दै आएको पाकशास्त्रमा सिपालु परेको वखतमा धैर्यधारण गर्न सक्ने राख्न योग्य हुन्छ ॥

राज्ञे वृत्तिनिवेदनाय सततं द्वारे नियुक्तः प्रतीहारो यष्टिकरः प्रसन्नवदनो भाषाभिदाकोविदः ॥ आकारेङ्गितकार्यतत्त्वविदुरः शूरो वली वाक्पटु-
द्वारस्थः समयानुरूपचरितो राज्ञां सदा शस्यते ॥ ३६ ॥

राजालाई वास्तविक अवस्था विन्ति चढाउन ढोकामा, उज्यालो चेहरा, हसिलो मुख, विभिन्न भाषामा पोख्त (जानेको) हातमा लट्ठी लिने आकार र इसाराले सत्यकुरा बुझ्न समर्थ, शूरो, बलवान्, बोलीको शैली मिलाउन जान्ने मौका अनुसार चालचलन (व्यवहार) गर्न समर्थ राजाको ढोके राख्न योग्य हुन्छ ॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

परवृतान्तवोधाय नियुक्तस्तु चरो भवेत् ॥
स्वपन्नपि हि जागर्ति चारचक्षुर्महीपतिः ॥ ३७ ॥

राजा चारचक्षु हुनु पर्ने हुन्छ । चालचलन कुरा कुन ठाउँमा के भएको छ सम्पूर्ण वृतान्त ज्ञानको निमित्त गुप्तचर राखिनु पर्दछ । यसकारण गुप्तचर मार्फत सबै वृतान्त ज्ञान हुन सक्ने हुँदा राजा निन्द्रा अवस्थामा पनि जागा भएको जस्तो हुन्छ ॥

प्रकाशश्चाप्रकाशोऽयं द्विविधो नीतिविन्मतः ॥
प्रकाशो दूत इत्युक्तस्त्रिविधः कथ्यते ह्ययम् ॥ ३८ ॥

गुप्तचर पनि २ किसिमका हुन्छन्- प्रथम प्रकाशमा आएको, द्वितीय गुप्त भएको प्रकाशमा नआएको, प्रकाशमा ल्याइएकोलाई दूत भनिन्छ । परन्तु प्रकाशलाई राजाको दूत समेत भनिने भएकोले तीन प्रकारका वताइएका छन् ॥

निसृष्टार्थोऽर्पितार्थश्च तथा शासनहारकः ॥
उत्तमो मध्यमो नीचो भवेदर्थानुरूपतः ॥ ३९ ॥

तीन प्रकारका दूतहरू मध्ये प्रथम निसृष्टार्थ-केहि अधिकार दिएको, द्वितीय अर्पितार्थ-पूर्ण अधिकार दिएको, तृतीय शासनहारक-शासनपद्धति विगार्ने अर्थानुसार उत्तम दूत मध्यम दूत अधम दूत हुन्छन् ॥

प्रगल्भः स्मृतिमान् वाग्मी शास्त्रे धर्मे च निष्ठितः ॥
समयज्ञः स्वामिभक्तो दूतो भवितुमर्हति ॥ ४० ॥

वास्तविक दूत धार्मिक मीठो वोल्ने शास्त्रज्ञाता समय जान्ने मालिकको सोझो गर्ने स्वामीभक्त भएको दूत हुन योग्य हुन्छ ॥

क्लेशायाससहो दक्ष सत्यवाक् छलरूपवित् ।
वाह्याभ्यन्तरवृत्तिज्ञश्चारो भवितुमर्हति ॥ ४१ ॥

राजाको चार दुःख र परिश्रम सहनशील चलाख सत्य वोल्ने छल कपट ज्ञाता वाहिरी व्यवहार र भित्री व्यवहार वुझेको चार हुन योग्य हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आलस्यहीनो मुखरः संतुष्टो भृत्य इष्यते ॥

राजाले जांगरिलो वोलैया संतोषी व्यक्ति नोकर वनाउन योग्यहुन्छ ॥

कुलीना शौर्यसम्पन्ना भक्ता धर्मार्थकोविदा ॥ ४२ ॥

राजभक्त (सेवक) कुलीन शूरताले युक्त भएका धर्मार्थ जान्नमा पोख्त भएका हुनु पर्दछ ।

दुरूक्ता दण्डिता वापि ताडिताश्च महीभुजा ॥
नचिन्तयन्ति ये पापं ते सदा सन्निधौ मताः ॥ ४३ ॥

राजाले कार्यवश गालीदिएका दण्ड गरीएका पीटपाट पारेता पनि कुनै समयमा पनि राजाको अहित हुने कुरा मनमा लिदैनन् त्यस्ता मित्रमात्र अगल वगलमा राखिनु पर्दछ ॥

राष्ट्रं गुणवती भूमिस्तद्वृद्धौ राज्यवृद्धये ॥
ततोऽङ्गत्वं तस्य भेदाः क्षेत्रजानपदादयः ॥ ४४ ॥

राजाले राज्यवृद्धिको निमित्त गुणवती भूमी (जमीन) को वृद्धि गराउन राष्ट्रको अङ्गत्व क्षेत्र र जनता त्यसको प्रकार हुन जान्छन् ।

सस्या करवती पण्य खनिद्रव्यसमाकुला ॥
गोहिता भूरिसलिला फलपुष्पसमृद्धिदा ॥ ४५ ॥

राज्यवृद्धिको निमित्त धान्यादिको उब्जनी वढी हुने भूमीकर प्रशस्त उठने खनजोत गर्न सुगम, नगदी वालीको उब्जाहुने गाईको कल्याणहुने, प्रशस्त पानी लाग्ने, फलफूलको उत्तरोत्तर वृद्धि हुने भूमी हुनु पर्दछ ॥

अदेव मातृका चेति शस्यते भूर्विभूतये ॥
स्वाजीवो भूगुणैर्युक्त सानुपः पर्वताश्रयः ॥ ४६ ॥

पृथिवी राजन्वती सर्वैश्वर्य सम्पन्न हुन साना साना पर्वतका टाकुराले समाश्रित नदीको जलले जीविका हुने स्वावलम्वी र सर्व गुणसम्पन्न हुन्छिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शूद्रकारू वणिक् प्रायो महारम्भ कृषी वलः ॥
नानादेश्यैः समाकीर्णोऽमूर्खव्यसनि नायकः ॥ ४७ ॥

(शूद्र) शूद्रजाती कारीगर प्राय व्यापारी ठूलाठूला कार्यकलाप आरम्भ गर्ने कृषीकर्ममा दक्ष देशविदेशका जनतावाट सुपरिचित वुद्धिमान् उद्योगी राजाको सामिप्य (नजदिक) रहन योग्य हुन्छन् ॥

शस्तो जनपदःप्राज्ञै र्निवासिजनः सौख्यदः ॥
नगरादिप्रभेदानामेवमेवोन्नयेद्गुणान् ॥ ४८ ॥

वुद्धिमानहरू देशवासीलाई आनन्द दिने जनता उत्तम हुन्छन् । यस्तै नगर विशेषको प्रकार विचार गरेर गुण (कामको सीप निपुणता स्वभाव प्रशंसनीय कुराहरू समेत सवै विचार गरेर उन्नतिमार्गमा देशलाई अघि वढाउन पर्दछ भन्दछन् ॥

जलान्नायुधयंत्राढ्यं वीरयोधैरधिष्ठितम् ॥
गुंप्ति प्रधानमाचार्या दुर्गं समनुमेनिरे ॥ ४९ ॥

राजावाट राष्ट्रमा सीमा तोक्दा जल (नदी) को हिसावले हातहतियार सहित वीरसेनाहरू रहेका जसमा गोप्य हुन सकोस् यस्तो किल्ला रहनु पर्दछ भनेर विद्वानहरूले मन्जुर गरेका छन् ॥

विषहीनो महानागो मदहीनो यथा गजः ॥
सर्वेषां वशमायाति दुर्गहीनस्तथा नृप ॥ ५० ॥

जस्तो विषहीन नाग मदरहित हाति सवैको वशमा सजिलैसंग आउँदछन् । त्यस्तै दुर्गहीन राजालाई पनि अरू राष्ट्रले सजिलैसंग वशमा लिन्छन् । अत राजाले दुर्ग (कील्ला) सुचारू ढंगसंग राखिनु पर्दछ ॥

न गजानां सहस्रेण न लक्षेण च वाजिनाम् ॥
तथा सिद्ध्यन्ति कार्याणि यथा दुर्गप्रभावतः ॥ ५१ ॥

हजार हाति लाख घोडावाट सफल हुन नसक्ने कार्य किल्लाको सामर्थ्यले सफल हुन्छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शतमेकोपि संधत्ते दुर्गसंस्थो धनुर्द्धरः ॥

तस्माद् दुर्गं प्रशंसन्ति नीतिशास्त्रविदो जनाः ॥ ५२ ॥

दुर्ग (किल्ला) बांधेर (मजबुत) भएर बसेको धनुषधारी एक जवानले विपक्षी शय जवान सम्मलाई वश गराउन समर्थ हुन्छ। त्यसकारण राजनीतिज्ञहरू किल्लाको प्रशंसा गर्दछन् ॥

एवं राज्याङ्गताप्राप्तं दुर्गं तस्मादनेकधा ॥

गुप्तिसाधनभेदेन भिन्नं युद्धजयावहम् ॥

यसरी राज्याङ्गता प्राप्त भएको दुर्ग गुप्तिसाधनको हुंदा विभिन्न प्रकारका हुन्छन्। ॥

प्राकारेण जलेन पर्वतभुवारण्येन वंशेन वा

गुप्तं भूमि समेन रक्षितजनं व्यस्तेन युक्तेन वा ॥ ५३ ॥

नानारूपमति प्रभूतसमरा कल्पान्नपानान्वितं

दुर्गं दुर्गविदो वदंति विविधं वीरैः सदा रक्षितम् ॥ ५४ ॥

दुर्गका प्रकारहरूः- पर्खाल, जल (नदी), डांडो, जङ्गल वांसघारी यिनीहरू-द्वारा सुरक्षित भूमि समानताबाट रक्षित पृथक भएर रक्षित अथवा जुटेर रक्षित नाना रूप विभिन्न बुद्धि ठूलो युद्ध पर्दा धेरै समयसम्म रहन सक्ने (दुर्गविद) सदा सर्वदा वीर पुरुषहरूद्वारा सुरक्षित विविध प्रकारका वताएका छन् ॥

जलवद्धान्यधनवत्तुङ्गं कालसमं महत् ॥

दुर्गं साधारणं रूपमेतत्कामंन्दकोदितम् ॥ ५५ ॥

जल जस्तो धानरूपी भौतिक साधनभूत वस्तुझैं उच्चतहको कालसमान ठूलो साधारण दुर्गको रूप भनेर कामंन्दकले वताएकाछन् ॥ ॥

कोशो मूलधनाधारो राज्यसौभाग्यसौख्यदः ॥

कोषहीनो नृपः सर्वैस्त्यज्यते चावमन्यते ॥ ५६ ॥

कोशमूल भएको भण्डार राज्यको सौभाग्य सुखदायक हुन्छ। कोश नभएको राजा सबैको त्याज्य हुन्छ अपहेलना पनि हुन्छ मान्यता हुन्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मुक्ताकनकरत्नाढ्यो नानावस्तुसमुज्ज्वलः ॥
धर्मार्जितो व्यय सहः कोशः कोशज्ञसंमतः ॥ ५७ ॥

कोशविशेषज्ञहरू मोति हीरा सुन आदि विभिन्न रत्नहरूले प्रकाश भएको धार्मिक कार्यबाट आर्जिएको सम्पत्ति जसबाट उपर्युक्त खर्च गरीन्छ त्यसलाई कोश भन्दछन् ॥

वलं सैन्यं समाख्यातं चतुरङ्गसमन्वितम् ॥
राज्यरक्षाकरं राज्ञ प्रतापैश्वर्यवर्द्धनम् ॥ ५८ ॥

चतुरङ्ग (हात्ति चढने, घोडा रथ चढने, पैदल हिडने, समेत चतुरङ्ग सेना सहित सैन्यलाई वल भनिन्छ। यस्ता प्रकार वल सैन्यवाट राज्यको सुरक्षा हुन्छ राजाको प्रताप ऐश्वर्य समेत वढदछन् ॥ ॥

यस्य स्फीतं वलं तस्य सर्वेऽपि वशवर्तिनः ॥
वलहीनोङ्गपूर्णोऽपि द्विपद्भिः परिभूयते ॥ ५९ ॥

जुन राजा वल (सैन्य) सम्पन्न छन् ती राजाका सवै नै देशका राजाहरू वश आउने हुन्छन्। अरू सवै राज्याङ्ग परिपूर्ण भएर वलहीन (सैन्य) कमी छन् भन्ने शत्रुहरूले तिरस्कार गरीन्छन्॥

प्रवासायासदुःखेषु युद्धेषु च कृतश्रमम् ॥
अद्वैध्या भेद्य वीराढ्यं वलं वलविदां मतम् ॥ ६० ॥

प्रवास परिश्रम दुःख र युद्धमा पनि गरेको परिश्रम वीर पुरुषले युक्त सैन्य छन् भने विपक्षी शत्रु एउटाले विजय गर्न समर्थ हुंदैन भनेर सैन्य विशेषज्ञको भनाइ छ ॥

गजाश्वरथपादातरूपाण्यङ्गानि तद्विदः ॥
वर्णयन्तिस्म सैन्यस्य विजिगीषु महीपतेः ॥ ६१ ॥

हात्ति घोडा रथ पैदल हिडने राज्याङ्ग र राज्याङ्ग विशेषज्ञहरू विजयको चाह गर्ने राजाको सैन्यको वयान गर्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुहृन्मित्रं समाख्यातं सुहृन्मूला विभूतयः ॥
मित्रवृन्दयुतं राज्यं सुखमाप्नोति शाश्वतम् ॥ ६२ ॥

सुहृत् शब्दले मित्रलाई बुझाउंछ। राजाका सारा विभूति मित्रमय हुनुपर्दछ। सबै मित्रमय राज्य भयो भने राजाले (सधैं) नित्य नैरन्तर्यं सुखपाउनु हुन्छ।

औरसं कृतसंबंधं तथा वंशक्रमागतम् ॥
व्यसनोपकृतं चैव मित्रं ज्ञेयं चतुर्विधम् ॥ ६३ ॥

औरस (पुत्र) नातेदार (सम्बन्धवाला) तेस्तै वंश क्रमागत मित्र विपत्तिमा साथ दिने उपकार गर्ने यी चार थरिका मित्र हुन्छन् ॥

शुचिता त्यागिता शौर्यं समानसुखदुःखता ॥
अनुरागश्च दाक्ष्यं च सत्यता च सुहृद्गुणा ॥ ६४ ॥

पवित्रता रहनु त्यागी हुनु शूरतामा रहनु सुख दुःखमा सवभागितामा रहनु प्रेम गर्नु दक्षतामा रहनु सत्यतामा रहनु यी सबै मित्रमा रहने गुण हुन् ॥

निरूपितेषु चार्थेषु गुणसंघातसंस्थिते ॥
अभावे गुण वाहुल्याद्विशिष्टोऽर्थोविचार्यताम् ॥ ६५ ॥

सर्वगुण सम्पन्न भएको भएर (अर्थ) प्रयोजनमा लगाइएको नभेटिए गुणको वाहुल्य विचार गरेर विशिष्ट अर्थ (प्रयोजन) मा लगाइनु पर्छ।

उक्तान्यङ्गादि रूपाणि परीक्षार्हाणि भूभुजाम् ॥
अन्येषान्तु यथाकार्यं गुणयोगो विचार्यताम् ॥ ६६ ॥

उपर्युक्त राज्यको अङ्गादि रूपहरू राजाको निमित्त योग्य छन्। राजा वाहेक अरूको निमित्त काम अनुसार गुणको योगको विचार गरेर कार्यारम्भ गरिनु पर्दछ ॥ ॥

ख्यातः पण्डितराजरम्यपदवीं योऽद्यद्रिराजेश्वरा-
दाप्तःश्रीव्रजनाथनाम विदितो वेदाङ्गशास्त्रोज्ज्वलः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भूपानन्दिनि तत्सुतेन रचिते नीतिप्रबन्धेऽतुले

साङ्गोपाङ्गनिरूपणो यमुदगादाद्यो विलासः शुभः ॥ ६७ ॥

राजाबाट पण्डितराज पदवी प्राप्त गरेर प्रसिद्ध वेदवेदाङ्ग शास्त्रज्ञान गरेका श्री व्रजनाथ नामले प्रसिद्ध वेदाङ्ग शास्त्रज्ञान गरेका नन्दिनीका सुपुत्रले रचना गरेको राजनीति प्रबन्ध साङ्गोपाङ्ग अतुलनीय प्रथम विलास पूर्ण भयो।

इति श्रीमद्विद्वन्मुकुटमणिगणकिरणनीराजितचरण
श्रीपण्डितराजव्रजनाथपण्डितात्मजश्रीरङ्गनाथसूरि-
विरचिते राजविधानसारे साङ्गोपाङ्गनिरूपणो नाम
प्रथमो विलासः ॥ १ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

निरूकाङ्क्षादिसामग्रीसंपन्नोपि महीपतिः ॥
धर्मापेतो यदि भवेत्पूर्णं सर्वं विलीयते ॥ १ ॥

राजा नीतिशास्त्रानुसार निरूक्ताङ्क्षादि सर्वगुण सम्पन्न भएर धार्मिक आचरणमा लागेको भएमा सबै नै पूर्णरूपले अभेद हुने गरी मिल्दछ ॥ १ ॥

आयुरारोग्यमैश्वर्यं यशो धर्मे प्रतिष्ठितम् ॥
इहामुत्र च लोकोयं धर्मेणैव सुखी भवेत् ॥ २ ॥

धर्ममा प्रतिष्ठित राजाको आयु आरोग्य, ऐश्वर्य, यश यस लोकमा र स्वर्ग-लोकमा सुखी हुन्छ यो लोक धर्मले नै सुखी हुन्छ ॥

धर्माद्धै जवनो राजा चिरायु बुभुजे महीम् ॥
अधर्माच्चैव नहुषः प्रतिपेदे रसातलम् ॥ ३ ॥

धर्मले नै जवन राजाले चिरकालसम्म राजा भएर राज्य भोग गरे। अधर्म गर्दा नहुष राजा रसातल पुगेर वस्नु पर्‍यो।

जलान्तश्चन्द्रचपलं जीवितं खलु देहिनाम् ॥
ज्ञात्वा चैवं परं श्रीमान् शश्वत् कल्याणमारभेत् ॥ ४ ॥

देहधारीको जीवन पानिभित्रको चन्द्रमा जस्तो चञ्चल छ। वुद्धिमानले यो कुरा विचार गरेर वारंवार कल्याणकारी कार्यमा प्रवृत्त हुनु पर्दछ ॥

आधिव्याधिहतायाद्य श्वो वा नश्य विनाशिने ॥
को हि राजा शरीराय धर्मापेतं समाचरेत् ॥ ५ ॥

आधिव्याधि रोगले ग्रस्त आज या भोलि विनश्वर शरीरको निमित्त कुनै पनि राजाले धर्माचरण गर्नु पर्दछ ॥

अदृष्टदृष्टफलकानुष्ठानं धर्म उच्यते ॥
सुखं दुःखनिवृत्तिश्च फलमेतद्द्वयं भवेत् ॥ ६ ॥

अदृष्ट र दृष्ट फलापेक्षित अनुष्ठानलाई धर्म भनिन्छ दुःखनिवृत्ति र सुख-प्राप्ति यी दुई धर्मका फल हुन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एवं विहितसंसेवा निषिद्धस्य च वर्जनम् ॥
धर्मो वर्णाश्रमादीनां भेदेन स्यादनेकधा ॥ ७ ॥

यस्तै विहित वस्तुको सेवा गर्नु, निषिद्ध वस्तुको त्याग गर्नु ब्राह्मण क्षत्रिय वैश्य शूद्र चार वर्ण र ब्रह्मचर्याश्रम गृहस्थाश्रम वानप्रस्थाश्रम संन्यासाश्रम यी वर्ण र आश्रमको भेदले धर्म विभिन्न प्रकारका हुन्छन् ।

मन्वत्रिविष्णुयमगौतमयाज्ञवल्क्यपाराशरादिवचनैश्च पुराणजालैः ॥
भिन्नस्ततोप्यनुगतोखिलसारभूतः संकथ्यते मदुगिरा नृपधर्मवर्गः ॥ ८ ॥

मनु, अत्रि, विष्णु, यम, गौतम, याज्ञवल्क्य, पाराशर आदि मुनिहरूको वचन र यस्तै विभिन्न पुराणहरूका वचनरूपि जालले गर्दा धर्म पृथक् पृथक् छन् तापनि उपर्युक्त मुनिहरूका वचन र पुराणको अनुशरण गरेर सबै सारभूत राजधर्महरू कोमल वाणीले बताइन्छन् ।

आभ्यंतरस्तथा वाह्यो द्विविधः स तु वर्ण्यते ॥
आभ्यंतरस्तु शारीरो राष्ट्रीयो वाह्य इष्यते ॥ ९ ॥

राजधर्म आभ्यन्तर वाह्य दुई प्रकारको वर्णन गरीन्छ आभ्यन्तर भनेको शरीरले गरीने आचार हो, वाह्य भनेको राष्ट्रिय धर्म हो ।

आचारो विनयश्चेति भिन्नस्त्वाद्यो द्विधा भवेत् ॥
यथावकाशं तद्द्वन्द्वं सानुबंधं निरूप्यते ॥ १० ॥

आचार र विनय पनि भिन्न भिन्न छन् । आचार दुई प्रकारका छन् । समय अनुसार सकेसम्म दुइवटैको क्रम नटुटाइकन निरूपण गरीन्छ ॥

प्रातरुत्थाय शिरसि ध्यात्वा गुरुमतन्द्रितः ॥
नत्वा च देवं हृत्कंजे स्तुवीत च यथामतिः ॥ ११ ॥

प्रातःकालमा उठेर आलस्य हटाएर गुरुको ध्यान गरेर हृदयरूपि कमलमा बुद्धिपूर्वक ईश्वरको स्तुति गर्नू ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आवश्यकं च सम्पाद्य दन्तकाष्ठमनिन्दितम् ।।
आयुर्बलं यशो वर्चः प्रजाः पशुवसूनि च ।। १२ ।।
धर्मप्रज्ञां च मेधां च त्वन्नो धेहि वनस्पते ।।
मंत्रणानेन संशोध्य दन्तधावनमाचरेत् ।। १३ ।।

आवश्यक सबै कर्म ठिक गरेर दाँत सफा गर्नू, "आयुर्बल यशो वर्चः प्रजा पशु वसूनि च. धर्मप्रज्ञां च मेधां च त्वन्नो धेहि वनस्पते" यो मन्त्रले संशोधन गरेर दांत सफा गर्नू ।।

मुखं प्रक्षालयेत्स्नायाद्वारुणादिविधानतः ।।
संध्याग्निहवनादीनि नित्यकर्माणि साधयेत् ।। १४ ।।

मुख कुल्ला गरेर वारुणादि विधान (अप दैवत) मन्त्र पढेर स्नान गर्ने संध्या अग्निमा हवन आदि सबै नित्यकर्म गर्नू ।।

अभिवन्द्यान्प्रणम्याशु विद्यागृहमथाश्रयेत् ।।
वृद्धांश्च नित्यं सेवेत विप्रान्वेदविदः शुचीन् ।। १५ ।।

मान्यजन, गुरू, माता, पिता आदिको पाउमा दण्डवत गर्नू, विद्यालयमा गएर विद्या पढ्नू, वयोवृद्धको सेवा गर्नू, वेदपठित शुद्ध ब्राह्मणको सेवा गर्नू ।।

तेभ्योऽधिगच्छेदनिशं विद्यार्थं विनयं तथा ।।
विद्याविनयसम्पन्नः कदापि न हि नश्यति ।। १६ ।।

विद्याको निमित्त नम्र भएर वेदपठित ब्राह्मणको समीपमा नित्य जानू। कारण विद्या र विनयले सम्पन्न राजा कुनै हालतमा नष्ट हुन्दैन ।।

विद्यैका दण्डनीतिः सकलगतिवहा शुक्रतंत्रेथ विद्ये
लोकस्यार्थानुगत्वात्सुरगुरूसमये दण्डवार्ते भवेताम् ।।
दण्डो वार्त्ता त्रयी वापरनिगमहृतेः स्युस्त्रिसंख्या मनूना-
मान्वीक्षिक्या चतस्र कुटिलमुनिमते ताः पृथक्सिद्धिहेतोः ।। १७ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजनीतिका चार विद्यामध्ये शुक्राचार्यको दण्डनीति, वृहस्पतिको दण्डवार्ता, मनुको त्रयी विद्या, कौटिल्यको आन्वीक्षिकी विद्या, यी चार विद्यामा निपुण चतुरो छ भने वेग्लावेग्लै राज्यको सम्पूर्ण सुखको अनुभव गर्ने हुन्छ ।

आन्वीक्षिक्यां तु विज्ञानं धर्माधर्मौ त्रयी स्थितौ ॥
अर्थानर्थौ तु वार्त्तायां दण्डनीत्यां नयानयौ ॥ १८ ॥

आन्वीक्षिकी विद्यामा विज्ञानको धर्म एवं अधर्मको व्यवस्था गरेको छ । वार्ता विद्यामा अर्थ र अनर्थको व्यवस्था छ । दण्डनीतिमा नय र अनयको व्यवस्था गरेको छ ॥

विनयो हीन्द्रियजयस्तमातिष्ठेद्दिवानिशम् ॥
जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः ॥ १९ ॥

अर्थ विनय भनेको इन्द्रिय जय हो, यसलाई हर तरहले वशमा राख्नु पर्दछ ।

प्रकीर्णविषयारण्ये धावन्तं विप्रमाथिनम् ॥
ज्ञानाङ्कुशेन कुर्वीत वश्यमिन्द्रियदन्तिनम् ॥ २० ॥

विभिन्न विषयरूपि जङ्गलमा दौडधूप गर्दै उत्सृङ्खल भएर वलात्कार गरी सताउने इन्द्रियरूपि हात्ति इन्द्रियलाई ज्ञानरूपि अङ्कुशले वश गराउनु पर्दछ ।

एकस्यापि नयः शक्तो मनसः संनिवर्हणे ॥
महीं सागरपर्यन्तां स कथं जेतुमर्हति ॥ २१ ॥

नीतिविद्यामा निपुण एकजनाले मन आदि इन्द्रियलाई वश गराउन समर्थ हुन्छ । अन्यथा आसमुद्रान्त महीलाई वश गराउन (जित्न) योग्य कसरी हुन्छ ।

शब्दः स्पर्शश्च रूपं च रसो गन्धश्च पंचम ॥
एकैकमतितृष्नायां विनाश प्रतिपतये ॥ २२ ॥

शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच विषयका तृष्ना रूपि गुणले (प्रतिपत्तये) ज्ञानलाई नाश गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गीते रक्तः कुरङ्गो मृगयुशरहतो धेनुका स्पर्शमोहा-
दालानंयाति नागो विरमति शलभो रूपलोभात्प्रदीपे ॥
मासान्नादिप्रलोभान्मुखधृतवडिशो मृत्युमाप्नोति मीनो
गंधायत्तो मतङ्गः श्रुतिरयनिहतो नाशमायाति भृङ्गः ॥ २३ ॥

मृग, शब्दको वश पर्दा नष्ट हुन्छ । हात्ति स्पर्शको वशमा पर्दा नष्ट हुन्छ । पुतलि रूपको वशमा पर्दा नष्ट हुन्छ । त्यसै रसको वशमा पर्दा माछो नष्ट हुन्छ । गन्धको वशमा पर्दा भमरो नष्ट हुन्छ । एक एक वस्तुको वशमा पर्दा ती मृग हात्ति पुतलि माछो भ्रमरो नष्ट हुन्छन् र उपर्युक्त पांचै चीज मनुष्यमा रहन्छ । यिनीहरू-लाई वश गर्न नसकेमा नष्ट हुन्छन् । अतः ज्ञानेन्द्रियले वश गराउनु पर्दछ ।

दशकामसमुत्थानि तथाष्टौ क्रोधजानि च ॥
व्यसनानि दुरन्तानि प्रयत्नेन विवर्जयेत् ॥ २४ ॥

दश कामबाट उठेका, आठ क्रोधबाट उत्पन्न भएका, दुरन्त भएका व्यसन-लाई बुद्धिपूर्वक छोडनु पर्दछ ।

मृगयाक्षा दिवास्वप्न परीवाद स्त्रियो मदः ॥
तौर्यत्रिकं वृथाद्या च कामजो दशको गणः ॥ २५ ॥

शिकार खेल्नु, पाशा खेल्नु, दिनमा सुत्नु, निन्दा गर्नु, स्त्रीसमागम गर्नु, धन मान विद्या आदिको घमण्ड गर्नु, नाच गान सहित वाजा वजाउनु (वृथाद्या च) व्यर्थ भड्कनु, यी काम सम्बन्धबाट उत्पन्न हुने दश गुण हुन् ।

पैशून्यं साहसं द्रोह ईर्ष्यासूयार्थदूषणम् ॥
वाग्दण्डयोश्च पारूष्यं क्रोधजोयं गणोष्टक ॥ २६ ॥

छुल्याईं गर्नु, साहसिलो हुनु, अर्काको द्रोह गर्नु, खोट लगाउनु, दोष लगाउनु, हपकाउनु, रूखो वोली वोल्नु, यी आठ क्रोधबाट जन्मने गुण हुन् ॥

पानमक्षा स्त्रियश्चैव मृगया च महीभृताम् ॥
एतत्कष्टतमं विद्या चतुष्कं कामजे गणे ॥ २७ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मदिरापान गर्नु, पाशा खेल्नु, स्त्रीसमागम गर्नु, शिकार खेल्नु, यी चार अति कष्टका कामज गुण हुन् ॥

दण्डस्य पातनं चैव वाक्पारूष्यार्थदूषणे ॥
क्रोधजेपि गणे विन्द्यात्कष्टमेतत्त्रिकं सदा ॥ २८ ॥

दण्ड दिनु, (कुटनु) मनपरि बोल्नू, अर्थ सम्बन्धि दोषारोपण गर्नु, यी तीन दुःखलाग्दा क्रोधबाट उत्पन्न हुने गुण हुन् ॥

सप्तकस्यास्य वर्गस्य सर्वत्रैवानुषङ्गिणः ॥
पूर्वं पूर्वं गुरूतरं विद्याद्व्यसनसंहतौ ॥ २९ ॥

व्यसनका समूहमा,
राजाले सात वर्गको सर्वत्र नै अनुशरण गर्नुपर्दछ। यिनीमा पनि पैला पैलाका महत्वपूर्णका छन् भनी जान्नू ॥

कामः क्रोधस्तथा लोभो हर्षो मानो मदस्तथा ॥
षड्वर्गमेतत्संत्याज्यं शत्रुभूतं सदात्मनः ॥ ३० ॥

राजाले आफ्ना शत्रु भएका काम, क्रोध, लोभ, हर्ष, अभिमान, मद (शेखि) यी षड्वर्ग सदा त्याज्य छन् ॥

कामाद्धै वृहदश्वनाम नृपतिः क्रोधात्तु पारीक्षितो
लोभादैलनृपस्तथा भृशमुदो वातापि नामासुरः ॥
मानाद्रावणराक्षसो वहुमदाद्दम्भोद्भवो दानवः
संप्राप्ता निधनं भवेदरिवशो नाशाय लोके ध्रुवम् ॥ ३१ ॥

कामको वशमा पर्दा वृहदश्व नामका राजा नष्ट भए। क्रोधको वशमा पर्दा पारिक्षित राजा नष्ट भए, लोभको वशमा पर्दा ऐलराजा नष्ट भए, अभिमानले रावण राक्षस नष्ट भए, धेरै सेखि गर्दा दम्भोद्भव नामका दानव नष्ट भए। यसरि काम, क्रोध, लोभ, मद मात्सर्य षड्वर्ग शत्रुको वशमा पर्यो भने निश्चय नै नष्ट हुनुपर्दछ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शत्रु षड्वर्गमुत्सृज्य जामदग्न्यो जितेन्द्रियः ॥
अम्बरीषश्च नाभागो बुभुजाते चिरं महीम् ॥ ३२ ॥

षडवर्ग जितेर नै जामदग्न्य जितेन्द्रिय भए। यस्तै राजा अम्बरीष नाभागले चिरकालसम्म राज्यलक्ष्मी भोग गरेर बसे ॥-

वृद्धसेवी नृपो ह्येवं विद्याविनयसङ्गतः ॥
प्रेर्यमाणोप्यसद्वृत्तैर्नाकार्येषु प्रवर्त्तते ॥ ३३ ॥

विद्या र विनय सम्पन्न भएर वृद्धजनको सेवामा प्रवृत्ति हुनुपर्छ असद् व्यवहारले प्रेरणा दिएपनि कुनै समयमा पनि दुराचारमा प्रवृत्त हुन हुन्दैन ॥

सज्जमानो ह्यकार्येषु विषयान्धी कृतेक्षणः ॥
आहवत्युग्रमपदं स्वयमेवापदं नृपः ॥ ३४ ॥

विषय व्यवहारमा प्रवृत्ति भएको राजा दुराचारमा लागेर उग्र (भयङ्कर) आपदहरू भोग्दछन् ॥

अहिंसा सूनृता वाणी सत्यं शौचं दया क्षमा ॥
वर्णिनां लिङ्गिनां चैव सामान्यो धर्म इष्यते ॥ ३५ ॥

हिंसा नगर्नु, मीठो बोल्नु, सत्यतामा रहनु, पवित्र हुनु, दया गर्नु, सहनशील हुनु वर्णवेश धारण गर्ने र लिङ्गवेश धारण गर्नेको निमित्त सामान्य धर्म इष्ट छन्।

गुरुस्तु विद्याधिगमाय सेव्यते श्रुता च विद्या विनयाय देहिनाम् ॥
सेव्यत्वमायाति विनीत भूयां महीपतीनां विनयो विभूषणम् ॥ ३६ ॥

विद्याप्राप्तिको निमित्त गुरूको सेवा गरिन्छ, अध्ययन गरेको विद्या देहधारिको निमित्त नम्रताको निमित्त हुन्छ, नम्रतामा प्राप्त भएपछि सेव्यत्व प्राप्त हुन्छ। राजाको नम्रता नै भूषण हो।

अविनयरतभूपतिः स्वयं वशमुपयाति सदा हि विद्विषाम् ॥
श्रुतविनयविधिं समाश्रितस्तनुरपि नैति पराभवं क्वचित् ॥ ३७ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजामा विनय सम्पन्न छैन भने सधै नै शत्रुको वशमा रहनु पर्ने हुन्छ। तर विद्या र विनय सम्पन्नभएको राजाको शरीरले कुनै समयमा पनि शत्रुको पराभव वेहोर्नु पर्दैन।

अभ्यस्यैवं द्विजातिभ्यो दद्यात्पात्रानुसारतः ॥
रत्नं हिरण्यरजतमन्नादि च यथाविधिः ॥ ३८ ॥

राजाले विचार गरेर ब्राह्मणहरूमा पात्र अनुसार रत्न सुन चांदी अन्नादि विधिपूर्वक दान दिनुपर्दछ ॥

गुणानुरागी स्थितिमान् श्रद्दधानो दयान्वितः ॥
धनं धर्माय विसृजेत्प्रियां वाचमुदीरयन् ॥ ३९ ॥

गुणमा प्रेम गर्ने, बुद्धिमान्, श्रद्धावान् राजाले धन धर्ममा खर्च गर्नू र मीठो सारगर्भित वाणी बोल्नू ॥

न तं स्तेना न चामित्राण्याहरन्ति न नश्यन्ति ॥
तस्मात्सर्वैर्निधातव्यो ब्राह्मणेष्वक्षयो निधिः ॥ ४० ॥

राजाले धर्ममा खर्च गरेको धन चोरले चोर्न सक्दैन; शत्रुले हरण गर्न सक्दैन, नष्ट हुन्दैन। त्यसकारण पात्र ब्राह्मणमा दिनुपर्दछ। त्यो अविनाशी कोश हुन्छ।

सममब्राम्हणे दानं द्विगुणं ब्राम्हणे ब्रवे ॥
सहस्रगुणमाचार्ये ह्यनंतं वेदपारगे ॥ ४१ ॥

'अब्राह्मणे दानं समम्' ब्राह्मण व्यतिरिक्तमा दान दिनु बराबर हुन्छ (काम छैन) ब्राह्मणमात्रमा दान दिनु डवल हुन्छ। आचार्य विद्वान्मा दान दिनु हजार बढ्दछ। वैदिक ब्राह्मणमा दान दिनु अनन्त गुण बढ्दछ ॥

ततः प्रणम्य विप्रादि न्विसृजेच्च कृताञ्जलिः ॥
कृत्वा पौर्वाह्णिकं चैवं विधानगृहमाव्रजेत् ॥ ४२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विनयपूर्वक सुपात्र योग्य ब्राह्मणमा दान दिएर प्रणाम गरेर हात जोडेर विदा गर्नु र पौर्वाह्णिक सबै विधान समाप्त गरेर राजदर्वारमा प्रवेश गर्नु ॥

गुप्तोन्तर्वंशिकैराप्तैः सुखासनसमाश्रितः ॥
समानीय भिषङ्मुख्यानौषधादिश्च भक्षयेत् ॥ ४३ ॥

राजप्रासादमा आफन्तजनका साथ आनन्दपूर्वक राजगरेर योग्य मुख्य वैद्यलाई बोलाएर शरीरमा आरोग्यका निमित्त औषधि भक्षणगर्नु ।

औषधानि च सर्वाणि पानपानीयमेव च ॥
तद्रसज्ञैः समास्वाद्यमाश्नीयादवधानतः ॥ ४४ ॥

तत् तत् नामका सबै नै औषधिपान गर्ने वस्तु र पानि तत् तत् नामका चीजहरू अरूलाई खुवाएर समाधानपूर्वक स्वादलिएर भोजन गर्नु ।

प्रसाधनादि यत्किंचित् तत्सर्वं परिचारकाः ॥
उपनिन्युर्नरेन्द्राय सुपरीक्षितमुद्रितम् ॥ ४५ ॥

सेवकहरूले राजाको निमित्त जाँचबुझ गरी ठीक गरिराखेको श्रृङ्गारका चीजहरू समीपमा गएर टक्र्याउनु ।

दिव्याम्बरोऽलंकृतश्च विज्ञाप्तद्वित्रसङ्गतः ॥
संपादयेदप्रमत्तो ह्यधिकारव्यवस्थितिम् ॥ ४६ ॥

सेवकहरूले सफा राजनीतिक दुई तीन प्रकारका पोशाक र अलङ्कारहरू राजाज्ञा अनुसार शान्त भएर प्राप्ताधिकार बमोजिम व्यवस्था मिलाएर ठीक गराउनू ।

नियोग्यादि यथा शास्त्रं कुर्याद्गुणपरीक्षया: ॥
सप्ताष्टौ वा तथामात्यान्कुर्वीत सुपरीक्षितान् ॥ ४७ ॥

नियुक्तका लागि शास्त्रको नियमानुसार राम्रोसंग जाँचबुझ गरेर योग्य ठहरिएका सात अथवा आठ मन्त्रिहरू राखिनुपर्दछ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चरास्तु वहवः कार्या यथाशास्त्रं परीक्षिताः ॥
चराय तं हि सकलं विजिगीषोर्विचेष्टितम् ॥ ४८ ॥

नियमअनुसार जाँचबुझ गरेका गुप्तचरहरू राखिनुपर्दछ । जितवाजिको विचार गर्ने राजाको निमित्त सबैले गुप्तचरहरूका अधीनमा रहन्छन् ॥

नगरग्रामदुर्गादि यत्किंचिद्राज्यभूतिदम् ॥
अध्यक्षान्विविधान्कुर्यात्तत्र तत्र परीक्षितान् ॥ ४९ ॥

शहर गाउँ किल्लाहरूमा थोर वहुत राज्यको सम्पत्ति बढाउन ठाउँ ठाउँमा जाँच बुझ गरिएका विभिन्न प्रकारका अध्यक्षहरू भर्ना गरिनुपर्दछ ॥

अभ्यस्तकर्मणः शुद्धानात्मानुद्योगसंयुतान् ॥
यो यद्वस्तु विजानाति तत्र तं विनियोजयेत् ॥ ५० ॥

अध्यक्षहरू कुन कार्य कुन विषयमा नियुक्त गर्नु छ, त्यो कार्यमा विषयज्ञान भएका शुद्ध आत्मा भएका उद्योगी र जो जुन कामको निमित्त विशेषज्ञ छ, त्यो त्यहि काममा नियुक्त गरिनु पर्दछ ॥

प्रख्यातवंशमक्रूरं लोकसंग्राहिणं शुचिम् ॥
कुर्वीतात्महिताकांक्षी परिवारं महीपतिः ॥ ५१ ॥

राजाले अध्यक्ष वंशमा प्रसिद्ध, क्रोध नभएको, संग्रहकर्ता, पवित्र, हितैषी मित्र परिवारकोलाई गराउन उत्तम हुन्छ ॥

अधार्मिकाँश्च क्रूरांश्च दृष्टदोषान्निराकृतान् ॥
परेभ्योभ्यागताँश्चैव नाधिकारे नियोजयेत् ॥ ५२ ॥

पापात्मा क्रूर स्वभावका र दोषी नराम्रो टाढाबाट भेट गर्न आएको अतिथिलाई पनि (अध्यक्ष) अधिकार पद दिन हुँदैन ॥

निवर्त्तेतास्य यावद्भिरितिकर्तव्यतानृभिः ॥
तावतोऽतन्द्रितान्शुद्धान्कुर्यादर्थपरीक्षकान् ॥ ५३ ॥

राजाले माथि वताएको (इति कर्तव्य) दोषदेखि वचेर जाँगरिला पवित्र आत्मा भएकालाई कोषाध्यक्षमा नियुक्त गर्नु पर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अपि यत्सुकरं कर्म तदप्येकेन दुष्करम् ॥
विशेषतोऽसहायेन किमुराज्यं महोदयम् ॥ ५४ ॥

सजिलैसंग सम्पन्न हुन सक्ने काम पनि विशेष गरि सहयोग विना कठिन हुन्छ भने महान् राज्यको राजकाजको लागि अवश्य नै सहयोगको आवश्यक पर्दछ । यसकारण कुनै पनि विभागमा विभागाध्यक्ष योग्य रहनु पर्दछ ।

कृत्वा चैवं यथा राज्यमधिकारव्यवस्थितिम् ॥
प्रविशेत सभां रम्यां द्वारपालैः सुरक्षिताम् ॥ ५५ ॥

राजाले एवं (उपर्युक्त) प्रकारको सवै अधिकार र व्यवस्था राम्रोसंग मिलाएर द्वारपाल (ढोके) हरूले सुरक्षित भइकन सुन्दर सभामा प्रवेश गर्नु ।

एवं व्यवस्थितजनः सदसि प्रविष्टः सिंहासने मणिमये सुपरीक्षितेन ॥
स्थित्वा दृढासनगतः परिरक्ष्यमाणो वीरैर्धृतायुधवरैरपरं श्रयेत ॥ ५६ ॥

उपर्युक्त प्रकारले सवै प्रवन्ध मिलाएर सभामा प्रवेश गरेपछि रत्नहरूले सुसज्जित भएको, राम्रोसंग जाँचवुझ गरेको, हात हतियार सहित वीर अङ्गरक्षकहरूद्वारा परिरक्षित, सुयोग्य सिंहासनमा, दृढासन गरेर राज गरेर अन्य नयाँ योजनाहरूको आयोजना गर्नु ।।

ग्रहरत्नैः शुभैर्युक्तं सिंहासनमनुत्तमम् ॥
राज्ञां प्रशस्यते लोके कथ्यन्ते तानि तत्त्वतः ॥ ५७ ॥

राजा राजहुने सिंहासन नवग्रहहरूका मंगलसूचक रत्नहरू जडेर उत्तम गराइएको हुन पर्दछ भनेर लोकमा राजसिंहासनको प्रशंसा गरिन्छ र रत्नहरूको नाम समेत बताइन्छन् ।

माणिक्यं तरणेस्तथातिविमलं मुक्ताफलं शीतगो-
र्माहेयस्य तु विद्रुमं मरकतं सौम्यस्य गारूत्मतम् ॥
देवेज्यस्य तु पुष्परागमुदितं शुक्रस्य वज्रं शने-
र्नीलं निर्मलमन्ययोश्च गदिते गोमेदवैदुर्यके ॥ ५८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजसिंहासनमा जडिनु पर्ने नवग्रहका रत्नहरू जस्तै सूर्यको माणिक्य चन्द्रमाको मोती, मङ्गलको विद्रुम (मुगा), बुधको पन्ना, वृहस्पतिको पुष्पराज मणि शुक्रको हीरा, शनिश्चरको नीलमणि, राहुको गोमेद मणि यस्तै केतुको वैदुर्य मणि इत्यादि हुन् ॥

प्रविश्य तत्र सचिवाद्यधिकारभाजो द्वारस्थबोधितजनः शुचिवेषभावान् ॥
पौरांस्तथान्यपुरुषान्स्वपरानवेक्ष्य योग्यासनेष्वनुमतानुपवेशयेत ॥ ५९ ॥

राजसभामा प्रवेश गरेर दर्जाको क्रमानुसार द्वारपाल (ढोके) ले संकेत गरे अनुसार उर्दिका राष्ट्रिय पोषाक लगाएका मन्त्रिवर्ग लगायत सबै अधिकार वहन गर्ने व्यक्तिहरू भाइ भारदार नागरिक गण्यमान्य भलादमी नातेदार व्यक्तिहरू सबैलाई विचार गरेर सुयोग्य आसनमा अनुमति दिई वसाउनु पर्छ ।

ह्लादिनीं सर्वसत्वानां सम्यग्जनजिर्हार्षया ॥
भावयन् परमां मैत्रीं लौकिकीं वाचमीरयेत् ॥ ६० ॥

राजसभामा सबैले बुझ्ने आनन्ददायक सारगर्भित मैत्रीपूर्ण राष्ट्रिय भाषा बोल्नु ॥

नित्यं मनोपहारिण्या वाचा प्रह्लादयेज्जगत् ॥
उद्वेजनीयो भवति क्रूरवागर्थदोपि सन् ॥ ६१ ॥

सभामा बोल्दा मनलाई आनन्द दिने वचन बोल्नु। पैसा आम्दानी हुने भए पनि क्रूर वचन नबोल्नु ॥

वाङ्माधुर्यान्नान्यदस्ति प्रियं वै वाक्पारूष्याचोपकारोपि नष्टः ॥
किं ते द्रव्यं कोकिलेनोपनीतं को वा लोके गर्दभस्यापराधः ॥ ६२ ॥

सभामा मधूर बोली बोल्नु, रूखो बोलि बोल्दा उपकार हुने पनि नष्ट हुन्छ। हुन त कोइलीले मीठो बोली बोलेमा कसैले द्रव्य दिदैन अथवा गदाहाले रूखो बोली बोल्दा अपराध ठहर्दैन तथापि सभामा मधूर वाणी बोल्नु नै प्रिय हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हृदि विद्ध इवात्यर्थं यया संतप्यते जनः ॥
कदाचिदपि मेधावी न तां वाचमुदीरयेत् ॥ ६३ ॥

जुन रूखो बोली बोल्दा हृदयमा मर्म पर्दछ, जसद्वारा मानिस चिन्तित हुन्छ। बुद्धिमान् जनले कुनै हालतमा पनि रूखो वचन उच्चारण नगरून् ॥

प्रणिपातेन हि गुरून्सतः सच्चरितादरैः ॥
सद्भावेन हरेन्मित्रं दाक्षिण्येनेतरं सदा ॥ ६४ ॥

गुरूसंग विनयपूर्वक, सज्जनसंग सच्चरित्र र आदरार्थी वचन मित्रसंग सद्भावनापूर्वक व्यवहार गर्नु, अन्य जनका लागि सधैं नै उदारता भावले बोल्नु या व्यवहार गर्नु ॥

कुलं विद्या श्रुतं शौर्यं सौशील्यं भूतपूर्वतां ॥
वयोवस्थां च संवीक्ष्य स्वाद्रियेत महात्मवान् ॥ ६५ ॥

बुद्धिमान् महात्माले बोल्दा कुल विद्वान्को विद्वत्ता, शूरता, सुशीलता, भूतपूर्वता समेत विचार गरेर आदरार्थी वचन बोल्नु ॥

स्वामिनं च यथाशास्त्रं सेवेयुरनुजीविनः ॥
अज्ञातसेवा धर्मास्ते न राज्ञःसुखभागिनः ॥ ६६ ॥

सेवकले मालिकको शास्त्रोक्त विधिपूर्वक सेवा गर्नु। ज्ञान नभएको कुरा धर्म सम्झीकन यो कुरा विचार गरेर सेवकले सेवा गरेपछि राजा सुखभोग गर्नें हुन्छन्।

नियोग्यादिविशेषाद्वा सामान्यो योऽनुजीविनाम् ॥
धर्मः प्रसङ्गात्सोप्यत्र समासेन निरूप्यते ॥ ६७ ॥

सेवकलाई काममा लगाउनु आदि विशेष साधारण कुरा पर्न आउंछ, परन्तु धर्मप्रसङ्गले गर्दा त्यो कुरा पनि निरूपण गरीन्छ।

प्रविश्य सम्यगुचिते स्थाने तिष्ठन्सुवेषवान् ॥
यथाकालमुपासीत राजानं विनयान्वितः ॥ ६८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चाकर (सेवकले) आफू योग्यपोशाक लगाएर उचित ठाउँमा बसेर नम्रतापूर्वक हर समय (आठै प्रहर) राम्रोसंग मालिक राजाको सेवा गरून् ॥

दक्षिणं वाथ वामं वा पार्श्वमासीत संज्ञितः ॥
रक्षिणां ह्यात्तशस्त्राणां स्थानं पश्चाद्विधीयते ॥ ६९ ॥

राजाज्ञा अनुसार दायाँ अथवा बायाँ पार्श्वमा सेवकले वस्नु, उदारतापूर्वक पछिबाट कुन पार्श्वमा वस्दा ठीक हुन्छ त्यसै ठाउँमा नियमपूर्वक वस्नु पर्दछ ।

बालोऽपि नावमन्तव्यो मनुष्य इति भूमिपः ॥
महती देवता ह्येषा नररूपेण तिष्ठति ॥ ७० ॥

राजा बालक भए पनि अपमान गर्नु हुँदैन । राजा मनुष्य रूपले रहे पनि महान् देवताको रूपले रहनु हुन्छ ।

इन्द्रानिलयमार्काणामग्नेश्च वरूणस्य च ॥
चन्द्रवित्तेशयाश्चैव मात्रानिर्हृत्य शाश्वतीः ॥ ७१ ॥

राजाले इन्द्र, वायु, यम, अग्नि, वरूण, चन्द्रमा, कुवेर समेतका मात्रा धारण गरेर रहनु हुन्छ ।

राजानमसृजद्धाता तस्मात्तं वहुमानयेत् ॥
सर्वदाभिभवत्येष सर्वभूतानि तेजसा ॥ ७२ ॥

राजालाई ब्रह्माजिले सृष्टि गर्नु भएको हो, त्यसकारण सबैले धेरै मान गर्नु पर्दछ । कारण राजा आफ्ना तेजले सम्पूर्ण प्राणिहरूलाई सधै नै दबाउने गर्नु हुन्छ ॥

कार्यं चाविक्ष्य शक्तिं च देशकालौ च तत्वत्तः ॥
कुरूते कार्यसिद्ध्यर्थं विश्वरूपं पुनः पुनः ॥ ७३ ॥

राजाले विचारपूर्वक देशकाल काम सबै ज्ञान गरेर कार्य सिद्धिका लागि बारंबार विश्वरूप शक्ति लिनु हुन्छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस्य प्रसादे पद्माश्रीर्विजयश्च पराक्रमे ॥
मृत्युश्च वसति क्रोधे सर्वतेजोमयो हि सः ॥ ७४ ॥

राजाको प्रसन्नतामा लक्ष्मी बस्नु हुन्छ । पराक्रममा विजय रहेको हुन्छ । रिसमा काल बसेको हुन्छ । यसकारण राजाले सम्पूर्ण तेज वहन गरेको हुन्छ ।

एकमेव दहत्यग्निर्नरदुरूपसर्पिणम् ।
कुलं दहति राजाग्निः सपशुद्रव्यसंचयम् ॥ ७५ ॥

कुमार्गमा हिंड्ने एउटै मानिस भए पनि अग्निले दाह गर्छ । कुमार्गमा हिंडनेलाई राजा रूपि अग्निले पशु, धन, सम्पत्ति यस्तै कुल नै भस्म गराउँछ ।

प्राप्तोपि हि परं स्थानमपृष्टोह्यनियोजितः ॥
नासीत नैव च वदेन्मर्यादामनुचिन्तयन् ॥ ७६ ॥

उत्कृष्ट पद (उत्तम) स्थानमा पुगेको छ परन्तु काममा लगाइन्न केही सोधपुछ हुँदैन भने आफ्नो मर्यादाको ख्याल गर्दै बोल्न पनि ठीक हुन्दैन बस्न पनि हुन्दैन ॥

न हि पुत्रं न नप्तारं न भ्रातरमरिन्दमाः ॥
समतिक्रांतमर्यादं मानयंति नराधिपाः ॥ ७७ ॥

राजाहरू छोरा, नाती, भाई, शत्रु, जो भए पनि मर्यादा छोडेर हिंडनेलाई मानभाउ गर्दैनन् ॥

समर्थयंस्तु तत्पक्षं साधु भाषेत भाषितः ॥
तन्नियोगे न हि ब्रूयादर्थसुपरिनिश्चितम् ॥ ७८ ॥

उपर्युक्त मर्यादा उल्लङ्घन गर्नेहरूको पक्ष लिएर कोही बोल्न खोज्दछ, बोल्छ भने ती व्यक्तिहरूलाई काममा लगाउन पहिले नै निर्णय गरिसकेको कुरा हुँदा कुनै कुरा बोल्न ठीक हुँदैन ।

विजानन्नपि नब्रूयाद्भर्तुःक्षिप्तोत्तरं वचः ॥
सुखप्रबन्धगोष्ठीषु वा देवा वादिनां मतम् ॥ ७९ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खेलवाडमा, वादविवादमा राजाले वोल्दा वोल्दै जवाफ नगर्नु ।

यद्यद्भर्त्ताऽनुयुंजीत तत्तदेवानुवर्तयेत् ॥
प्रमादमवले पंचको पंच परिवर्जयेत् ॥ ८० ॥

मालिकले जुन जुन काम अह्राउनु हुन्छ, त्यो त्यो काम सेवकले गर्नु पर्छ, वेहोसीपन, अभिमान, रीसलाई त्याग्नु पर्छ ॥

परस्थानासनं क्रौर्यं मत्सरं च परित्यजेत् ॥
विगृह्य कथनं धीमान् न कुर्य्याज्ज्यायसा सह ॥ ८१ ॥

दोस्राको आसन ग्रहण गर्नु, क्रूरपन नजिनु, द्वेष पनि छाडीदिनु। वुद्धिमान्‌ले ठूला राजा जस्ता मान्य व्यक्तिसंग घमण्ड गर्ने काम नगर्नु ।

चक्रं सेव्यं नृपः सेव्यो न सेव्यः केवलो नृपः ॥
पश्य चक्रस्य महात्म्यं मृत्पिण्डः पात्रतां गतः ॥ ८२ ॥

राजाको सेवा गर्दा राजाका अगि पछि हिडने चक्रहरूको पनि सेवा गर्नु पर्छ। खालि राजाको मात्र चाकरीले सफल हुन सक्तैन । उदाहरण-चक्रको माहात्म्य हेर्नुहोस्, कुम्भकारले दण्ड चक्र घुमाएर माटाको डल्लाको मनचिन्तित भांडा रचना गर्दछ ।

उच्चैः प्रहसनं कासं ष्ठीवनं कुत्सनं तथा ॥
जृंभणं गात्रभङ्गञ्च पर्वस्फोटं च वर्जयेत् ॥ ८३ ॥

राजाको सामुन्ने ठूलो स्वरले हाँस्नु, खोक्नु, थुक्नु, कुत्सन निन्दा गर्नु, हाइ गर्नु, शरीर भाँच्नु, औंला पटकाउनु आदि काम छाडी दिनु पर्छ ॥

उच्चैर्यदपि जानीयान्नीचैस्तदपि कीर्तयेत् ॥
फलेन तस्य वैशिष्ट्यं कथयेद्विनयान्वितः ॥ ८४ ॥

माथिल्लो तहबाट जुन कुरा जानिन्छ, तल्लो तहबाट पनि कीर्तन गर्नु नम्रतापूर्वक फलबाट विशेषता वताउनु पर्छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नचानुशिष्याद्राजानमपृच्छन्तं कदापि वै ॥
तूष्णीत्वेनमुपासीत काले समभिनन्दयेत् ॥ ८५ ॥

राजासंग राजाज्ञा वेगर वोल्न ठीक पर्दैन मौन भएर वस्नु पर्छ । मौका परेपछि विन्ति चढाउन योग्य हुन्छ ।

आपद्युन्मार्गगमने कार्यकालात्ययेषु च ॥
अपृष्टोऽपि हितान्वेषी कुर्यात्कल्याणभाषितम् ॥ ८६ ॥

आपतको अवस्थामा कामको समय वित्न लागेको अवस्थामा राजाज्ञा वेगर पनि हितको ख्याल गरी उचित कुरा विन्ति गर्ने काम गर्नू ।

वेषभाषानुकरणं नकुर्यात्पृथिवीपतिः ॥
संपन्नोऽपि हि मेधावी स्पर्द्धेत न च तद्गुणैः ॥ ८७ ॥

बुद्धिमान जनले राजाको वेष र वोलीको नक्कल नगर्नू । सर्वसम्पन्न भए पनि राजाको गुणको दाँजोमा पुग्न सक्तैन ॥

अत्यासन्ना विनाशाय दूरतश्चाफलप्रदाः ॥
मध्यभावेन सेव्यन्ते राजा वन्हिर्गुरुस्त्रियः ॥ ८८ ॥

राजाको ज्यादै नजदिकमा रहन पनि ठीक पर्दैन विनाश हुन्छ । राजादेखि धेरै टाढा भए पनि फल उपभोग मिल्दैन । अतः राजा, अग्नि, गुरुमा स्त्रीजन मध्यभावबाट तटस्थ नीति लिएर नै सेवा गरीन्छन् ॥

भर्तुश्चिन्तानुवर्त्तित्वं सद्वृत्तमनुजीविनाम् ॥
रक्षांस्यपि हि गृह्यन्ते नित्यं छन्दानुवर्तिभिः ॥ ८९ ॥

असल चालचलन भएका सेवकहरूले मालिकको आशय अनुसार चल्नुपर्छ । मालिकको इच्छा अनुसार संधै चल्ने भएमा राक्षसहरू पनि सेवकको रूपमा लिइन्छन् ॥

प्रत्यक्षं च परोक्षं च गुणवादी विचक्षणः ॥
उपजीवि भवेद्राज्ञो विषये योऽपि वा वसेत् ॥ ९० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय व्यवहारमा रहेको भए पनि विद्वान्ले प्रत्यक्ष रूपले वा परोक्ष रूपले राजाको गुणानुवाद गर्दछ भने उपजीवी (अर्काको आधारमा जीवन निर्वाह) गर्ने हुन्छ ॥

गुह्यकर्म च मित्रं च न भर्तुः संप्रकाशयेत् ॥
विशिष्टं च विनाशं च मनसापि न चिन्तयेत् ॥ ६१ ॥

सेवकले राजाको (मालिकको) भित्री र आन्तरिक सत्य कुरा वाहिर प्रकाश नगरून् र यस्तै शत्रुपना र हानि नोक्सानि हुने कुरा मनले पनि संम्फनु हुन्दैन ॥

यस्य कोपो महाभागः प्रसादश्च महाफलः ॥
कास्तस्य मनसापीच्छेदनर्थं प्राज्ञः संमतः ॥ ६२ ॥

जसको कोप अत्यन्त भाग्यवान् र प्रसन्नता प्रशस्त फलदायक हुन्छ भने त्यस्ता राजाको अनिष्ट हुने कुरा कसको मनले संझेला कसैको पनि मनले संझदैन भन्ने विद्वान्हरूको भनाइ छ ॥

शूरोऽस्मीति न दृप्तः स्याद्बुद्धिमानपि वा पुनः ॥
प्रियमेवाचरन् राज्ञः प्रियो भवति नान्यथा ॥ ६३ ॥

सेवकले शूरो छु अथवा बुद्धिमान् छु भनेर घमण्ड नगर्दै, जे जून तरिकाले पनि राजाको कल्याण हुने कार्य मात्र गर्नु त्यो राजाको प्रियपात्र हुन्छ। यसमा केहि सन्देह छैन।

ऐश्वर्यं प्राप्य दुष्प्रापं प्रियं प्राप्य च राजतः ॥
अप्रमत्तो भवेद्राज्ञः प्रियेषु च हितेषु च ॥ ६४ ॥

सेवकले राजाबाट ठूलो दुष्प्राप्य ऐश्वर्य र इष्टचीज पाएर राजादेखि प्रिय चीजमा तेस्तै कल्याण हुने अरू कुरामा समेत कदापि उन्मत्त हुन हुँदैन ॥

लब्धावकाशो भूपाले धृतिमानविकारवान् ॥
स्थानेषु स्थिरतामेति बुद्धिं साध्येषु निश्चितम् ॥ ६५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धैर्यशाली मानिसले राजामा मौका अवसर पाएर उद्देश्य विचारधारामा मन परिवर्तन गराएन भने बुद्धिबाट साध्य हुने कार्यमा ठाउँ ठाउँमा स्थिरता अवश्य आउँदछ ॥

हास्यनिंदासु चान्यस्य कथ्यमानासु केनचित् ॥
नातिहास्यं प्रकुर्वीत न वदेल्लोकगर्हितम् ॥ ९६ ॥

अरूको हाँसो र निन्दा जो कोहिले वोल्न लागेको ठाउँमा वढ्ता हाँसो नगर्नु लोकमा निन्दित कुरा पनि नवोल्नु ॥

न मृषाभिहितं राज्ञा मनुष्येषु प्रकाशयेत् ॥
न मन्त्रं बहुधाकुर्यादेवं राज्ञः प्रियो भवेत् ॥ ९७ ॥

राजाले मिथ्या वोलेको कुरा अरूहरूमा प्रकाश गर्नु हुन्दैन। गुप्त कुरा प्रचार नगर्नु यस्तो गर्ने गरेमा राजाको प्रिय हुन्छ ॥

अन्यस्मिन्प्रेष्यमाणे तु पुरस्ताद्यः समुत्पतेत् ॥
अहकिङ्करवाणीति स राजवसतिं वसेत् ॥ ९८ ॥

राजाले अरूलाई नै काममा पठाउन ठिक पर्दा सामुन्नेमा खडा भएर सेवक हाजिर छ भनेर (अह किङ्कर वाणी) वोल्दछ त्यो सेवक राजदरवारमा नित्य वसोस् ॥

आलसस्याल्पतोषस्य निर्विद्यस्याकृतात्मनः ॥
प्रदानकाले भवति माताऽपि हि पराङ्मुखी ॥ ९९ ॥

सदा अल्छी छ यथा प्राप्तिले सन्तोष छ विद्या पढेको छैन त्यस्तालाई दिने समयमा आमा पनि पराङ्मुखी हुन्छिन, अर्थात् अल्छिलाई र मूर्खलाई कोहि पनि मन पराउँदैन ॥

ये शूरा ये च विद्वांसः सेवायां च विपश्चितः ॥
तेषामेव विकाशिन्यो भोग्या नृपति संपदः ॥ १०० ॥

जो शूरा छन्, विद्वान् छन्, राजसेवामा निपुण छन्, तेस्ताको निमित्त मात्र विकाशोन्मुखी राज्य सम्पतिको भोग गर्न लायक छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

निर्गुणं वापि भर्तारमापत्सु न परित्यजेत् ।।
न कर्मणि नियुक्तः सन्धनं किंचिदपि स्पृशेत् ।। १ ।।

सेवकले मालिक निर्गुणी भए पनि आपत्कालमा छोड्नु योग्य हुन्दैन । कुनै काममा नियुक्त भएको भएर ज्यालाको रूपमा धन थोरै पनि छुन योग्य हुन्दैन ।

यानं वस्त्रमलंकारं यच्चान्यत्संप्रयच्छति ।।
तदेव धारयेन्नित्यमेवं प्रियतरो भवेत् ।। २ ।।

राजाबाट सवारीको साधन कपडा गहना यस्तै अरू जे जे मिल्दछ त्यही नै नित्य लाउने काम गरेमा सेवक धेरै मन पर्ने हुन्छ ।

लाभेन हर्षयेद्यस्तु नव्यथेद्योवमानितः ।।
असंमूढश्च यो नित्यं स राजवसतिं वसेत् ।। ३ ।।

जो सेवक फाइदा हुंदा हर्ष मान्दैन, गाली दिंदा दुःख मान्दैन, नित्य बुद्धिमान भएर रहन्छ भने त्यस्ता सेवक राजदरवारमा वसुन् ।

रामाभिः स्वामियाताभि र्वैरिदूतैर्निराकृतैः ।।
अंतःपुरचरीभिश्च संसर्गं दूरतस्त्यजेत् ।। ४ ।।

पतिका साथमा रहने सुन्दरी, स्त्री दूतले तिरस्कार गरिएका व्यक्ति, अन्तःपुरमा हिडने स्त्री जातिहरूका साथको सम्बन्ध टाढाबाट त्याग गर्नु पर्छ ।

रागापरागौ जानीयाद्भर्तुः कुशलकर्मकृत् ।।
दृष्ट्वा प्रसन्नो भवति वाक्यं गृह्णाति चादरात् ।। ५ ।।

मालिकको हित गर्ने सेवकले प्रेम र शत्रुको विचार राख्नु पर्दछ । देखेर प्रसन्न हुन्छ भनेको वचन प्रेमपूर्वक मान्दछ ।

दिशत्यासनमभ्यासे कुशलं परिपृच्छति ।।
विविक्तदर्शनस्थाने रहस्ये च न शङ्कते ।। ६ ।।

अभ्यास भैरहेको ठाउंमा आसन दिन्छ कुशल प्रश्न सोद्धछ । पवित्र देखिने ठाउंमा एकान्तमा भनेर शङ्का लिंदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सहते पथ्यमुक्तो वै न निन्दामनुमन्यते ॥
एवमादीनि चिह्नानि रक्तस्य स्वामिनो विदुः ॥ ७ ॥

बोलेको हित सम्झन्छ निन्दा सम्झदैन । अनुरक्त (प्रसन्न) भएको मालिकका यस्तो लक्षण जान्नु ।

उपकारेषु माध्यस्थं दर्शयत्यद्भुतेष्वपि ॥
तत्कृतं कर्म चान्येन कृतमित्यपि भाषते ॥ ८ ॥

कल्याण हुने कुराना आश्चर्यजनक ठूलो काम गर्दा पनि मध्यस्थ (उदाशीन) रहन्छ । गरेको काम पनि अरूले गरेको भन्दछन् ।

कार्ये संवर्द्धयत्याशां फले च कुरुतेऽन्यथा ॥
उपास्यमानो विजने सुप्तलक्षेण तिष्ठति ॥ ९ ॥

काम पर्दा आशा बढेर आउँछ, फलमा वैपरित्य गर्दछ । सेवा गर्न लाग्यो भने एकान्तमा शयन गरेझैं रहन्छ ।

एवमादीनि चिह्नानि विरक्तस्य भवन्ति हि ॥
रक्ताद्वृत्तिं समीहित विरक्तं तु परित्यजेत् ॥ १० ॥

उपर्युक्त लक्षण क्रुद्ध (रिसाएको) मालिकको हुन्छ । यसकारण प्रशन्न भएको मालिकदेखि धैर्य लिएर प्रतीक्षा गर्नु, क्रुद्ध मालिकलाई त्याग गर्नु ॥

नियोगिनो यथा शास्त्रं धर्ममर्थमसंकरम् ॥
शिक्षयेरन् प्रतिदिनं लोकद्वयहितेच्छया ॥ ११ ॥

काम लगाउनेले विधिपूर्वक धर्म र अर्थ छुट्टा छुट्टै प्रतिदिन शिक्षा गर्नु पर्छ दुबै लोकलाई कल्याण हुन्छ ।

सज्जमानमकार्येषु निदध्युर्मन्त्रिणो नृपम् ॥
वाक्यैः सौम्यकथोपेतैर्नानाहेतुविजृंभितैः ॥ १२ ॥

अनुचित कर्ममा तं तयार हुन लागेका राजालाई मन्त्रिहरूले शान्त विनम्र इतिहास कथाले सहित अनेकन कारणका भिश्वारिला वचनद्वारा भिश्वाश दिलाएर ठीक गर्नु पर्दछ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अश्रृण्वन्नपि बोद्धव्यो मन्त्रिभिः पृथिवीपतिः ॥
यथा स्वदोषनाशाय विदुरेणाम्बिकासुतः ॥ १३ ॥

मन्त्रिहरूले निवेदन गरेको कुरा सहसा राजाले वास्ता नगरे पनि अनेक उपायले बुझाउने कोशिश गर्नु पर्दछ। जस्तैः- आफ्नो दोष नाश गर्नको निमित्त विदुरजीले अम्बिका सुत धृतराष्ट्रलाई बुझाएको थियो ॥

मदोद्धतस्य नृपतेः प्रमत्तस्येव दन्तिनः ॥
गच्छन्त्यन्यायवृत्तस्य नेतारः खलु वाच्यताम् ॥ १४ ॥

मदले उन्मत्त भएका राजा मत्त हात्ति जस्ता हुन्छन्। नराम्रो चरित्र भएका नेताहरू (वाच्यताम् खलु) तिरस्कृत हुन्छन्।

अकार्ये प्रतिषेधश्च कार्ये चैवानुवर्त्तनम् ॥
संक्षेपादिति सद्वृत्तं सुहृद्बांधवमंत्रिणाम् ॥ १५ ॥

मित्र वन्धु मन्त्रिहरूको छोटकरीको सद्व्यवहारले राजालाई कुत्सित कर्मबाट रोकेर शुभ (कल्याणकारी) कार्यमा प्रवृत्ति गराउनु पर्दछ ॥

प्रवेशे निर्गमे चैव जनानन्तःपुराश्रितान् ॥
विज्ञातद्रव्यसंचारान्कुर्वीत द्वारपालकः ॥ १६ ॥

अन्तःपुर (राज दरबारमा) वसेका मानिसहरूको प्रवेश भार निर्गममा जाँच बुझ गरी विचार गर्ने काम द्वारपाल (ढोके) ले गर्नु पर्दछ।

तत् तत्कार्यनियुक्तैस्तु सेवकैः सुखमीप्सुभिः ॥
लोभाद्भयात्प्रमोहाद्वा वञ्चनीयो न भूपतिः ॥ १७ ॥

तत् तत् कार्यमा लगाइएका सेवकहरूले लोभले, भयले, अथवा मोहले, राजालाई वञ्चना (ठगने) कार्य गर्नु हुँदैन ॥

यथाशास्त्रमिमं धर्मं ज्ञात्वा संसेवितो नृपः ॥
स्वधर्मरक्षाकुशलः प्रजाः समनुरञ्जयेत् ॥ १८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धर्मशास्त्रानुसार धर्म जानेर सेवा गरिएका राजाले स्वधर्म रक्षा गर्न कुशल भएर प्रजालाई राज्यशासनद्वारा प्रसन्न गराउनु पर्छ ॥

कामं यथार्हनमनादरवाक् प्रमोदःसंतोषदानविधिना प्रतिनंद्य लोकान् ॥
राजा विसृज्य सचिवाप्तबुधैरुपेतः स्थानन्तरं निभृतमुच्चमुपाश्रयेत ॥ १९ ॥

यथायोग्य नुहेर विनम्र आदरार्थी वचन हर्षोद्गार संतुष्टि दान इत्यादि विधिद्वारा लोक (जनता) लाई यथेष्ट सन्तोष गराएर मुख्य (प्रधान) मन्त्री आप्त (मित्र) विद्वान् सहित राजपरिषद्मा राजाले गर्ने कार्यभार सुम्पेर निश्चल भएर उच्चतम भित्र राष्ट्रहरूमा राजकाज सम्बन्धको मित्रता दरिलो गराउनको लागि परराष्ट्रसंग सहारा लिन मनासिब हुन्छ ।

यथाशास्त्रमनुष्ठातुं परं धर्मार्थकोविदैः ॥
विदध्याद्भूमिपालादिःतद्विध्यर्थानुचिन्तनम् ॥ २० ॥

शास्त्रको मर्म बुझेका उच्च कोटीका विद्वान्हरूले शास्त्रोक्त विधिबाट राजाले गर्नु पर्ने कल्याणकारी अनुष्ठान र त्यसको विधि समेत विचार गरेर त्यस्तो कल्याणकारी कार्यमा राजालाई सरिक गराउनु पर्दछ ॥

रक्षणं च तथा दानमर्जितस्य च वर्द्धनम् ॥
विसर्गो दुष्टनियमश्चेति वाह्यो विभिद्यते ॥ २१ ॥

राष्ट्रको संरक्षण गर्न दिनु, आर्जन गरेको संवर्धन गर्नु, विसर्ग (त्याग) गर्नु दुष्ट नियम यिनीहरू वाहिरी भेदहरू हुन् ।

वृत्तिस्थितिविधानादेर्नियोगाद्दुष्टशासनात् ॥
पुत्रादिविनयाधानाद्रक्षणं स्यादनेकधा ॥ २२ ॥

व्यवहार गर्नु, स्थिति लगाउनु, आदि विधान कडा शासनबाट पुत्र आदि सम्पूर्ण जनतालाई विनम्र व्यवहार गर्नु अनेक प्रकारले राष्ट्रको रक्षा हुन्छ ।

धर्माधर्मौ विजानद्धि शासेनभिरतः सताम् ॥
प्रजा रक्षेन्नृपः साधु स्वधर्ममनुचिंतयन् ॥ २३ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजाले धर्म र अधर्म प्रति ख्याल राखेर शासनपद्धति अनुसार स्वधर्मको विचार गरेर प्रजाहरूलाई अभिभावक भएर रक्षा गर्नु पर्दछ ॥

राज्ञां हि परमो धर्मः प्रजानामेव पालनम् ॥
तस्मायुक्तोऽप्रमत्तश्च परिरक्षेदिमाः प्रजाः ॥ २४ ॥

राजाको परम धर्म प्रजालाई पालन गर्नु नै हो । त्यसकारण शान्त भएर आफ्नै प्रजाको रक्षा गरून् ॥

यथा वीजाङ्कुरः सूक्ष्मो रक्षितः पुष्टिमागतः ॥
काले फलाय भवति तथा संरक्षिताः प्रजाः ॥ २५ ॥

जस्तै बीजको सानो अङ्कुर उम्रन्छ, उसको संरक्षक भएर हेरविचार औषधिको प्रयोग गरेपछि केही समयमा पुष्ट हुन्छ । केही समयमा फलको भोग्य हुन्छ । तेस्तै संरक्षित गरिएका प्रजाहरू समयमा लाभदायक हुन्छन् ॥

प्रजागुप्तशरीरस्य किं करिष्यंति संहताः ॥
गृहीतछत्रहस्तस्य वारिधारा इवारयः ॥ २६ ॥

प्रजाले रक्षा गरिरहेको राजाको शरीरलाई छाताले पानीको धारालाई हटाएझैं शत्रुलाई प्रजाहरूले हटाउँदछन् ॥

विद्यावतश्च साधूंश्च परिरक्षेत्सुपूजयन् ॥
सर्वतः श्रोत्रियं रक्षेत्पितापुत्रमिवौरसम् ॥ २७ ॥

विद्वान्लाई, साधुलाई मानभाव गर्दै रक्षा गर्नु पर्दछ । वैदिक विद्वान्लाई वावुले औरस छोरालाई रक्षा गरेझैं सबै तरहबाट रक्षा गर्नु पर्दछ ॥

संरक्ष्यमाणो राज्ञायं कुरूते धर्मसंचयम् ॥
तेनायुर्वर्द्धते राज्ञो द्रविणं राष्ट्रमेव च ॥ २८ ॥

राजाद्वारा रक्षा गरिएका विद्वान् वैदिक विद्वान् जुन धर्मको सञ्चय गर्दछन् । त्यसबाट राजाको आयु सम्पत्ति राष्ट्र समेतको वृद्धि हुन्छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस्य राज्ञस्तु विषये सुजनो दुःखमृच्छति ॥
तस्य राष्ट्रं सानुबन्धमचिरेणैव नश्यति ॥ २९ ॥

जो राजाको सम्बन्धबाट सज्जनहरूले दुःख पाउँदछन् त्यसको राज्य क्रमैसंग नाश हुँदै जान्छ ॥

आनृशंस्यं परो धर्मः सर्वप्राणभृतां मतः ॥
तस्माद्राजा नृशंस्येन पालयेत्कृपणं जनम् ॥ ३० ॥

सम्पूर्ण प्राणधारीहरूलाई दया गर्नु परम धर्म हो । त्यसकारण राजाले कञ्जूस मानिस समेतलाई दयापूर्वक नै पालना गरून् ॥

न तेभ्योऽभ्यधिकाः सन्ति नराः सत्पुरूषव्रताः ॥
दुःखपङ्कार्णवे मग्नं दीनमभ्युद्धरन्ति ये ॥ ३१ ॥

राष्ट्रमा विद्वान् र वैदिक विद्वान् भन्दा उच्च तहका सत्पुरूष मानिस हुँदैनन् जुन श्रोत्रिय विद्वान्हरू दुःखरूपि हिलोमा डुबेका जनताहरूलाई उद्धार गर्दछन् ॥

वर्णानामाश्रमाणां च यतो राजाभिरक्षिता ॥
जनमुत्पथगन्तारं तस्मान्मार्गे नियोजयेत् ॥ ३२ ॥

वर्ण र आश्रमको निमित्त राजालाई संरक्षक मानिएको छ । त्यसकारण खराब बाटोमा लागेका व्यक्तिलाई सुमार्गमा लगाइनु पर्दछ ॥

आयुक्तकेभ्यश्चौरेभ्यः परेभ्यो राजवल्लभात् ॥
पृथिवीपतिलोभाच्च प्रजानां पञ्चधा भयम् ॥ ३३ ॥

नियुक्त गरिएका व्यक्तिबाट, चोरदेखि, शत्रुदेखि, राजाको प्रियपात्रदेखि र राजा हुनको लोभबाट पनि जनतामा पांच किसिमका डर रहन्छन् ।

भयमेतदपोह्यैव प्रजानामभिरक्षणम् ॥
सावधानतया राजा कर्तुमीहेत पण्डितः ॥ ३४ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शास्त्र जान्ने निपुण राजाले सावधान भएर भयलाई हटाएर प्रजाको पालन गर्ने इच्छा गर्नु पर्दछ ॥

प्रजासंरक्षणपरो धर्मायार्थं विवर्द्धयन् ॥
ये ये प्रजानां रोद्धारस्तांस्ताह्न्यान्महीपतिः ॥ ३५ ॥

राजाले अर्थ बढाउँदै प्रजाहरूको संरक्षण गर्नु धर्मको निमित्त हुन्छ। उपर्युक्त कार्य गर्दा जस जसले वाधा दिन्छन् त्यस्तालाई मारिनै दिनुपर्छ।

धर्म्यामारेभिरे हिंसामृषिकल्पा महीभृतः ॥
तस्मादसाधून्यापिष्टान्हिंसन्दोषैर्नलिप्यते ॥ ३६ ॥

ऋषिकल्प राजाहरू धार्मिक हिंसा मात्र गर्न तयार हुन्थे। त्यसकारण प्रजालाई संरक्षण गर्दा प्रतिवन्ध लगाउने पापिष्ट दुष्टहरूलाई ज्यानको सजाय दिंदा दोषी हुँदैनन्।

विक्रोशन्त्यो यस्य राष्ट्रे पीडयन्ते दस्युभिः प्रजाः ॥
संपश्यतः सभृत्यस्य मृतः स न तु जीवति ॥ ३७ ॥

जसको राष्ट्रमा प्रजा दुःखले पीडित हुन्छन्, हाहाकार गरी कराउँदछन् भने, त्यो राजाले हेर्दा हेर्दै अनुचर सहित नै मरेको ठहर्छ बाँचेको ठहर्दैन।

प्रजात्मश्रेयसे राजा कुर्वीतात्मजशिक्षणम् ॥
लोलुभ्यमानो राजन्यो राष्ट्रं नाशयति ध्रुवम् ॥ ३८ ॥

राजाले प्रजाको संरक्षणको निमित्त छोरालाई पूर्ण शिक्षा तालिम समेत दिनु पर्दछ। राज्यलक्ष्मी सम्बन्धी महमा लोलुब्ध नीच राजाले ता राष्ट्र समेत नाश गर्दछन्।

राजपुत्रा मदोन्मत्ता गजा इव निरंकुशाः ॥
भ्रातरं पितरं चापि निघ्नन्ति धनमोहिताः ॥ ३९ ॥

मदोन्मत्त भएका राजकुमारहरू कुनै किसिमको वन्धन नभएका स्वेच्छाचारी (निरङ्कुश) हात्ति जस्ता हुन्छन्। धनले मोहित भएर दाजु, भाई, बाबुलाई समेत मार्दछन् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विनयोपग्रहान्भृत्यैर्कुर्वीत नृपतिः सुतान् ॥
अविनीतकुमारं हि कुलमाशु विशीर्यते ॥ ४० ॥

राजाले छोराहरूलाई सुयोग्य गराउनका निमित्त सेवकद्वारा नम्रता शिष्टता देखाउनु गिरफदारी गर्नु इत्यादिबाट योग्य गराउनु पर्छ । राजकुमार अविनीत भएर मदोन्मत्त भएमा चांडै वंशको नै नाश हुन्छ ॥

व्यसने सज्जमानं हि क्लेशयेद् व्यसनाश्रयैः ॥
तथा नियोजयेदेनं यथा स्यात्पितृगोचरः ॥ ४१ ॥

खराव कुराका लतमा लागेको व्यक्तिको निमित्त त्यस्तै लतमा लाग्ने व्यक्तिद्वारा दुःख दिनु पर्छ । त्यस्तो विचार गरेर लगाउनु पर्छ जुन तहबाट भए पनि वावुको दृष्टिगोचर (इच्छा मुताविक) चल्ने हुन सकुन् ॥

राजपुत्रः परित्यागं सुदुर्वृत्तोपि नार्हति ॥
दुष्टं गजमिवोन्मतं कुर्वीत सुखवन्धनम् ॥ ४२ ॥

राजकुमार खराव आचरणको भए पनि त्याग गर्न योग्य हुँदैनन् । उन्मत्त भएको दुष्ट हात्तिलाई सुख वन्धन (नजरवन्ध) गरेझैं राजकुमारलाई पनि नजरवन्ध राखेर तालिम गर्नु पर्दछ ॥

प्रजानरञ्जयेद्यस्तु राजा रक्षादिभिर्गुणैः ॥
न तस्येह सुखं किंचित् परलोके भयं महत् ॥ ४३ ॥

जो राजाले रक्षादि गुणद्वारा प्रजालाई सन्तोष गराउँदैन त्यो राजालाई यो मनुष्य लोकमा कुनै सुख हुँदैन र परलोकमा समेत ठूलो भय हुन्छ ॥

प्रजापीडनसंतापात्समुद्भूतो हुताशनः ॥
राज्ञः श्रियं कुलं प्राणान्नादग्ध्वा विनिवर्त्तते ॥ ४४ ॥

राजाले प्रजालाई दुःख दिंदा प्रजाको सन्तापबाट प्रादुर्भाव भएको अग्निले राजाको राज्यश्री कुल प्राण समेत भस्म नगरि छोड्दैन ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

करग्रहः स्यादादानं यथाशास्त्रं तमाचरेत् ॥
तदभावे धनैर्मत्तो लोकोऽधर्मपरो भवेत् ॥ ४५ ॥

करग्राहीले कर लिनु शास्त्रानुसार ठहर्छ । सो वाहेक धनमदले उन्मत्त भएर प्रतिकूल कार्य गरेमा अधर्म ठहर्छ ॥

पञ्चाशद्भाग आदेयो राज्ञा पशुहिरण्ययोः ॥
धान्यानामष्टमो भागः षष्ठो द्वादश एव वा ॥ ४६ ॥

राजाले पशु र सुनको कर लिंदा पचास भागको एक भाग लिनु, धानको उब्जनि अनुसार आठ भाग वा छ भाग वा बाह्र भागको एक भाग लिनु पर्दछ ।

गन्धौषधिरसानां च पुष्पमूलफलस्य च ॥
पत्रशाकतृणानां च द्रुमांभमधुसर्पिषाम् ॥ ४७ ॥
मृण्मयानां च भाण्डानां षष्ठं भागं समाहरेत् ॥
मूलं विहाय वृद्धेस्तु संख्या सर्वत्र कथ्यते ॥ ४८ ॥

गन्ध, औषधि, रस, फलमूल, फूल, पात, शाक, झार, रूख, पानि, मह एवं घ्यू, माटाको भाडा समेतको षष्ठ (छैटौं) भाग कर लिनु । हिसाव गर्दा साउं (मूल धन) लाई छोडेर वृद्धि व्याजको मात्र हिसाव गर्नु ॥

यथा फलेन युज्येत स्वयं कर्ता च कर्मणाम् ॥
तथावेक्ष्य नृपो राष्ट्रे कल्पयेत्सततं करान् ॥ ४९ ॥

कर्ता (कर लिनें) राजा कर्मको फल भागी हुन्छन् । त्यस्तो कुरा विचार गरेर राजाले राष्ट्रमा कर लगाउनु पर्छ ।

क्रयविक्रममध्वानं भक्तं च सपरिच्छदम् ॥
योगक्षेमं च संप्रेक्ष्य वणिजान्दापयेत्करान् ॥ ५० ॥

राजाले व्यापारीहरूबाट कर लिंदा किनवेच, यातायात, खाद्यखर्च (योग क्षेम) जीवन निर्वाहको पनि राम्रो विचार गरेर कर दिलाउने काम गर्नु पर्छ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यथाल्पाल्पमदन्त्यर्थं वार्यो को वत्स षड्पदाः ॥
तथाल्पाल्पो गृहीतव्यो राष्ट्राद्राज्ञाब्दिकः करः ॥ ५१ ॥

जुगाले रगत, बाछाले दूध, भ्रमराले फूलको रस, अलि अलि चुसेझैं राष्ट्रबाट राजाले वार्षिक कर अलि अलि लिनु पर्दछ ॥

कारूकान् शिल्पिनश्चैव शूद्रांश्चार्थोपजीविनः ॥
एकैकं कारयेत्कर्म मासि मासि महीपतिः ॥ ५२ ॥

कारिगर, कर्मी, तान बुन्ने, धोबी, सार्की, दर्जी, ज्यालाबाट जीविका गर्ने शूद्र उपर्युक्त सबैलाई एक एक गरि राजाले महिना महिनामा मजदूरी (ज्याला) दिएर काममा लगाउनु पर्छ ।

यत्किंचिदपि वर्षस्य दापयेत्करसंज्ञितम् ॥
व्यवहारेण जीवन्तं राष्ट्रे राजा पृथग्जनम् ॥ ५३ ॥

राजाले राष्ट्रमा व्यवहारले जीविका गर्ने जनताबाट वार्षिक कर थोर बहुत नाम मात्र भए पनि कर दिलाउने काम गर्नु पर्छ ॥

नोच्छिद्यादात्मनो मूलं परेषां चातितृष्णया ॥
निर्दिष्टकरभोक्ता हि राजा धर्मेण युज्यते ॥ ५४ ॥

लोभले अर्काको साउँ नै नोक्सान पार्न हुँदैन । तोकिएको कर मात्र असूल गरि भोग गर्ने राजा धर्मोपार्जन गर्ने धार्मिक हुन्छन् ।

राज्ञो हि रक्षाधिकृताः परस्वादायिनः शठाः ॥
भृत्या भवन्ति प्रायेण स्वयं ज्ञेयः करग्रहः ॥ ५५ ॥

राजाले सुरक्षाको निमित्त राखिएका सेवकहरू अर्काको धन मात्र लिन खोज्ने प्राय मूर्ख सेवक हुन्छन् । यसकारण वार्षिक कर उठाउँदा आफैले काम हेर्ने गर्नु पर्छ ॥

ये प्रजाभ्योर्थमेवं हि गृण्हीयुः पापचेतसः ॥
तेषां सर्वस्वमादाय राजा कुर्यात्प्रवाधनम् ॥ ५६ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जो दुष्ट प्रकृतिका व्यक्तिहरू जनताबाट पैसा मात्र लिन्छन् । परन्तु देशको विकास गर्दैनन् तेस्ता व्यक्तिहरूको राजाले सर्वस्व हरण गरेर कारागार (झेलखाना) को सजाय दिनु पर्छ ॥

म्रियमाणोऽप्याददीत न राजा ब्राह्मणात्करम् ॥
आददीत धनं न्याय्यं त्रिवर्गपरिसिद्धये ॥ ५७ ॥

मरणासन्न अवस्था पर्न गएमा पनि राजाले ब्राह्मणबाट कर लिने काम नगरून् परन्तु धर्मार्थ मोक्ष त्रिवर्ग सिद्धिका निमित्त न्यायिक धन मात्र करको रूपमा लिने काम गरून् ॥

संवर्द्धयेत्सदा कोषमाप्तैस्तज्ज्ञैरधिष्ठितम् ॥
कोषमूलमिहामुत्र सुखं धर्मार्थवृद्धितः ॥ ५८ ॥

आफ्नो हितैषी मित्र र तत्त्वज्ञानीहरूद्वारा ठहर गरिएको धनद्वारा ढुकुटीलाई राजाले संधै नै वढाउने कार्य गरून् । यस लोक र परलोकमा सुख धर्मार्थवृद्धिको ढुकुटी नै मूल कारण हुन्छ ॥

कुसीदं च वणिङ्मार्गं खनिं कुञ्जरबन्धनम् ॥
दुर्गाकरालिगेहानि स्वस्थचित्तो विवर्द्धयेत ॥ ५९ ॥

सुयोग्य राजाले राष्ट्रमा व्याज, व्यापारी, राजमार्ग, खानि, हात्तिसार, किल्ला पंक्तिबद्ध घरहरू समेत वढाउँदै लाने काम गर्नु पर्दछ ॥

राजाङ्गानान्तु सर्वेषां राष्ट्राद्भवति संभवः ॥
तस्मात्सर्वं प्रयत्नेन राजा राष्ट्रं त्रिवर्द्धयेत ॥ ६० ॥

सबै नै राज्याङ्गहरू राष्ट्रबाट नै उत्पन्न हुन्छन् । त्यसकारण हर प्रयत्नले राजाले राष्ट्रलाई वढाउने काम गर्नु पर्छ ।

द्रव्यव्ययो विसर्गः स्यादायादर्द्धप्रमाणतः ॥
दृष्टार्थनियतो ज्ञेयो ह्यदृष्टार्थो यथेच्छया ॥ ६१ ॥

अर्थ खर्च आम्दानीको आधा दिनु । तोकिएको ठाउँमा तोके वमोजिम नै दिनु । नतोकेको ठाउँमा विचार गरेर आधा मात्र दिनु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धर्माय यशसे भुक्त्यै कोशसंस्थापनाय च ॥
कार्यज्ञो मंत्रविद्राजा चतुर्द्धा विभजेद्धनम् ॥ ६२ ॥

कार्यकुशल यस्तै गुप्त तत्त्व जान्ने राजाले धर्मार्थ १, यशको निमित्त २ मुक्तिको निमित्त ३ कोश (ढुकुटी) स्थापना गर्नका निमित्त ४ समेत धनराशिलाई चार प्रकारले विभाजन गर्नु पर्दछ ॥

राष्ट्राधिकारीसचिवबलभृत्यार्थरोपतः ॥
भागं प्रकल्पयेद्राज्ञा स्वतंत्रो राज्यगुप्तये ॥ ६३ ॥

राज्यरक्षाको निमित्त राजा आफू स्वतन्त्र भएर राष्ट्राधिकारी मन्त्रिहरूमा सेनाहरूमा सारा सेवकहरूमा विभागको कल्पना गर्नु पर्दछ ॥

धर्माय यशसेर्थाय कामाय स्वजनाय च ॥
पञ्चधा विभजन्वितमिहामुत्र च मोदते ॥ ६४ ॥

धर्मको निमित्त १, कीर्त्ति (यश) का निमित्त २, अर्थका निमित्त ३, कामका निमित्त ४, आफन्तजनका निमित्त ५ पांच प्रकारले विभाग गर्ने राजा यस लोक र परलोकमा समेत सुखी हुन्छन् ।

राजा कर्मसु युक्तानां नराणां चापि योषिताम् ॥
प्रत्यहं कल्पयेद् वृत्तिं स्थानकर्मानुरूपतः ॥ ६५ ॥

राजाले काममा नियुक्त गरिएका पुरुष वा महिलाहरूको स्थान पद काम (अनुरूप) अनुसार प्रतिदिनको वृत्तिभरण ठीक गर्नु पर्दछ ।

संमार्जकादेः प्रतिवासरं पणः षाण्मासिकं वस्त्रयुगं च मासिकम् ॥
द्रोणन्तु धान्यत्रिगुणांन्वितो भवेन्मध्ये ततोऽपि द्विगुणं तथोत्तमे ॥ ६६ ॥

राजाले झाडु लगाई बडार्नेहरूलाई दैनिक ज्याला दिनु र ६।६ महिनामा एकजोर लुगा दिनु । महिना पूर्ण भएपछि एक द्रोण (१६ पाथि धान) दिनु । (अधिष्ठाता) काम लगाउने अध्यक्ष वा नाइकेलाई ३ डबल दिनु । अत्युत्तम कार्य कुशल छ भने उच्च तहको (अध्यक्ष) वा नाइकेलाई त्यसको पनि डबल ज्याला दिनु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कालें स्थाने च पात्रे च न हि वृत्तिं विलोपयेत् ॥
एतद्वृत्तिविलोपेन राजा भवति गर्हितः ॥ ६७ ॥

समयमा, ठाउँमा, पात्रमा काम गरेको (वृत्ति) ज्याला दिनु पर्छ । वृत्तिलोप गर्नु हुँदैन । राजाले वृत्ति (ज्याला) नदिएमा निन्दित हुन्छ ।

अपात्रवर्षणं जातु न कुर्यात् सद्भिर्गर्हितम् ॥
स्थाने द्रव्यव्ययं कुर्यान्त्रिवर्गप्रतिपत्तये ॥ ६८ ॥

राजाले सत्पुरुष (धीर) पुरुषहरूले निन्दा गरिएका कुपात्रमा कुनै समयमा पनि धन खर्च नगर्नु । परन्तु धर्मार्थमोक्ष ज्ञानका निमित्त सुपात्रमा मात्र खर्च गर्नु ॥

देवतार्थे च पित्रर्थे ब्राह्मणाभ्यागतेषु च ॥
योधेषु भृत्यमित्रस्य व्ययः कोषस्य संमतः ॥ ६९ ॥

राजाले देवताको निमित्त र पितृको निमित्तमा विद्वान् ब्राह्मण अतिथिको सम्मानार्थ तेरतै युद्ध कार्य पर्दा सेवकको कल्याणार्थ, मित्रको हितका निमित ढुकुटिको धन खर्चगर्न उपयुक्त ठहरिन्छ ॥

लक्ष्म्या लक्ष्मीवतां लोके विकासिन्यापि किं तया ॥
वन्धुभिश्च सुहृद्भिश्च विस्रब्धं या न भुज्यते ॥ ७० ॥

लोकमा धनिको वढदै जाने धनले के हुन्छ । जुन लक्ष्मीलाई वन्धुवर्गहरूले र मित्रवर्गहरूले निर्भीक भएर भोग गरिदैन ॥

आक्रम्य ब्राह्मणैर्भुक्तं परिक्षीणैश्च वान्धवैः ॥
गोभिश्च नृपशार्दूल राजसूयाद्विशिष्यते ॥ ७१ ॥

ब्राह्मणले हमला गरेर भोग गरेको यस्तै गरीव वान्धवहरूले खाएको फेरी गाईले खाएको पनि हे नृपशार्दूल सरकार ? राजसूय यज्ञ भन्दा पनि विशेष मानिन्छ ॥

विभूतीः प्राप्य परमा सतां संभोगतां नयेत् ॥
यासु सन्तो न तिष्ठन्ति ता वृथैव विभूतयः ॥ ७२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धेरै ऐश्वर्य पाएर सज्जनहरूको भोगार्थ लगाइनु पर्छ । जुन ऐश्वर्य सज्जनहरूले भोग गर्न पाउँदैनन् भने त्यो सम्पत्ति निरर्थक ठहरिन्छ ।

यशस्करे कर्मणि मित्रसंग्रहे प्रियासु नारीष्वधनेषु बन्धुषु ॥
क्रतौ विवाहे व्यसने रिपुक्षये धनव्ययस्त्वेषु न गण्यते बुधैः ॥ ७३ ॥

कीर्ति रहने कार्यमा, मित्रसंग्रहमा, प्रिय नारीको निम्तिमा, गरीब बन्धुवर्गमा, यज्ञको कार्यमा, विवाहमा, उद्योगको काममा, शत्रु संहार गर्ने खालका काममा, सरकारी धन खर्च गर्न उपयुक्त हुन्छ भनेर विद्वान्हरुले बताएका छन् ॥

विधिर्वा प्रतिषेधो वा दृष्टार्थफलको नयात् ॥
स्याद्दृष्टनियमः सोऽयं लौकिकार्थनिदर्शनः ॥ ७४ ॥

विधि निषेध दृष्टार्थ फल र प्रत्यक्ष प्रमाणबाट मान्नु पर्छ । दृष्ट नियम जो हो त्यो लौकिक (निदर्शन) दृष्टान्त हुन्छ ॥

अनागतविधातारमप्रमत्तमकोपनम् ॥
स्थिरारम्भमदीनं च नरं श्रीरूपतिष्ठते ॥ ७५ ॥

आइ नपरेको कर्म आरम्भ गर्न सावधान शान्त स्थिर भएर आरम्भ गर्ने सुखी मानिसलाई लक्ष्मी प्राप्ति हुन्छिन् ॥

निर्विशेषं यदा राजा समं भृत्येषु तिष्ठति ॥
तत्रोद्यमसमर्थानामुत्साहः परिहीयते ॥ ७६ ॥

जहिले राजाले सेवकहरूमा समता गरेर विशेषता नगरी रहन्छन् । उद्योगमा समर्थ भएका सेवकहरूको उत्साह घटेर जान्छ ।

प्रसादो निष्फलो यस्य क्रोधो वापि निरर्थकः ॥
न तं भर्तारमिच्छन्ति वृद्धं पतिमिवाङ्गना ॥ ७७ ॥

सेवकमा मालिकको कृपा रहँदैन भने रिस पनि निरर्थक नै हुन्छ । युवतीले बूढो पति नचाहे झैं त्यस्ता मालिकलाई सेवकले रूचाउँदैनन् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तीक्ष्णश्चैव मृदुश्च स्यात्कार्यं वीक्ष्य महीपतिः ॥
कार्यस्वभावमाश्रित्य नृपतिर्मोदते भुवि: ॥ ७८ ॥

राजाले काम हेरेर कडा भए पनि नरम होइ दिनुपर्छ । काम र स्वभावमा अडेर नै राष्ट्रमा राजा सुखी हुन्छन् ॥

मृदोः परिभवो नित्यं वैरं तीक्ष्णस्य नित्यशः ॥
उत्सृज्यैतद्द्वयं कार्यान्मध्यमां वृत्तिमाश्रयेत् ॥ ७९ ॥

नित्य नरम हुनु (परिभव) अनादर हो, नित्य कडा रहनु (वैरं) दुष्मनी हो । यी दुइ काम छोडेर (मध्यमां) साधारण व्यवहारको आश्रय लिनु पर्दछ ॥

सङ्गतिः श्रेयसी राज्ञां विगुणेष्वपि वंधुपु ।
तुषैरपि परिभ्रष्टाः न प्ररोहन्ति तण्डुलाः ॥ ८० ॥

राजाको गुणहीन भए पनि आत्मीयजन (संगको) सम्बन्ध उत्तम हुन्छ । किन भने भूस नभएको चामल पनि उम्रदैनन् । अतः गुण नभएको वन्धुले पनि काम दिन्छन् ॥

किमप्यसाध्यं महतां सिद्धिमेति लघीयसा ॥
प्रदीपो भूमिगेहान्तर्ध्वान्तं हन्ति न भानुमान् ॥ ८१ ॥

महाजन ठूलाबडाहरूको साध्य हुन नसक्ने काम पनि छोटकरी तवरले नै सिद्धि हुन्छ । जस्तै जमीनको घरभित्रको अन्धकारलाई सानु दीयोको वत्तिले पनि नाश गर्दछ ॥

अरावप्युचितं कार्यमातिथ्यं गृहमागते ।
छेत्तुमभ्यागते छायां नोपसंहरते द्रुमः ॥ ८२ ॥

बुद्धिमानले शत्रु पनि आफ्ना घरमा आएमा यथायोग्य (आतिथ्य) सत्कार गर्नु पर्दछ । जस्तै वृक्षले आफूलाई काटन आउने अतिथिमा आफ्नो छाँयाको अन्त गर्दैन शीतल छाँया दिइनै रहन्छन् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चिन्तनीया हि द्विपदामादावेव प्रतिक्रिया ॥
न युक्तं कूपखननं प्रदीप्ते वह्निना गृहे ॥ ८३ ॥

शत्रुको परिणामस्वरूप कार्य उत्पन्न हुने भावना पहिले नै विचार गर्नु पर्दछ । जस्तै घरमा आगो लागी सकेपछि इनार खन्न उपयुक्त हुँदैन । पछि हुने कुरा पहिले नै विचार गर्नु पर्दछ ।

यज्जीवते क्षणमपि प्रथितं मनुष्यैर्विज्ञानविक्रमयशोभिरभग्नमानम् ॥
तन्नामजीवितफलं प्रवदन्ति संतः काकोऽपि जीवति चिराय बलिश्च भुङ्क्ते ॥ ८४ ॥

सज्जनहरू मनुष्य बांचुन्जेल एकक्षण पनि विज्ञान पराक्रम यशद्वारा इज्जत-साथ रहनु पर्दछ अनि मात्र वांचेको सार हुन्छ भन्दछन् । यसो नभए मनुष्य जन्मको सफलता आउँदैन । वांच्नै मात्र हो भने काग पनि वलि खान्छ, चिरकाल-सम्म बाँच्दछ ।

अर्थनाशं मनस्तापं गृहे दुश्चरितानि च ॥
वंचनं चापमानं च मतिमान्न प्रकाशयेत् ॥ ८५ ॥

बुद्धिमानजन्ले रूपिञा पैसा हराएको, मानसिक ताप परेको, घर परिवार-को दुष्ट चरित्र, ठगी वृत्तिको अपमान भएको समेत सबै कुराहरू प्रकाश गर्न उपयुक्त हुँदैनन् ।

ऋणशेषश्चाग्निशेषः शत्रुशेषस्तथैव च ॥
पुनः पुनः प्रवर्द्धन्ते तस्मान्निःशेषतां नयेत् ॥ ८६ ॥

ऋणको शेष, अग्निको शेष, शत्रुको शेष, पनि बराबर बढ़ेर जान्छन् त्यस-कारण बुद्धिमान् जनले यी सबै निःशेष गराउनु पर्दछ ।

बुद्धौ कलुषभूतायां विनाशे समुपस्थिते ॥
अनये नयसंकोशो हृदयान्नापसर्पति ॥ ८७ ॥

बुद्धि दुषित भएर नाश हुने वखतमा अन्यायमा न्याय सम्बन्ध हृदयबाट हट्दैन ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

न कालः खड्गमुद्यम्य शिरः कृन्तति कस्यचित् ॥
कालस्य च बलं ज्ञेयं विपरीतार्थदर्शनम् ॥ ८८ ॥

कालले खड्ग उठाएर कसैको पनि शिर काट्दैन । विपरीत देख्नु नै कालको बल हो भनेर जान्नु पर्दछ ॥

मा कश्चित्संपदामग्रमारूढोऽस्मीति विश्वसेत् ॥
दूरारूढपदस्यैव विनिपातो हि दारुणः ॥ ८९ ॥

सम्पत्तिले परिपूर्ण छु र सबैभन्दा धनी छु भनेर कसैले पनि विश्वास गर्नु हुँदैन । टाढादेखि उच्च पदमा पुगेका व्यक्तिले तल खस्नु पर्दा भयानक हुन्छ ॥

मित्रोपदेशं शृणुयात्कुर्याच्चैव यथोदितम् ॥
विदुरोक्तमकृत्वाऽभूत्कौरवः शोकशल्यभाक् ॥ ९० ॥

मित्रजनको आज्ञा शिरोपर गर्नु बताएको आचरण गर्नु । विदुरले बताएको नीति विश्वास नगर्दा कौरवहरूलाई शोकाकुल हुनुपर्‍यो ॥

पराधीनस्य नृपतेः कार्यतत्त्वमजानतः ॥
रागकोपहतं राष्ट्रं विरुध्य परिनश्यति ॥ ९१ ॥

कार्यतत्त्व नजान्दा पराधीन भएका राजाको राग र क्रोधबाट भएको राष्ट्र विरोध गरेर नै सर्वनाश हुन्छ ॥

नारी सचिव यत्तस्य राज्ञस्तत्त्वमपश्यतः ॥
व्यसनार्त्ता निराशाश्च त्यजन्ति नृपतिं जनाः ॥ ९२ ॥

यसकारण तत्त्वज्ञान नजान्ने राजाको सचिव, मन्त्री स्त्री जाती छन् र व्यसन विपत्तिले पीडित भै निराश भएका जनताले राजालाई छोड्दछन् ॥

अन्यनिक्षिप्तभारस्य व्यर्थकर्मरतस्य वा ॥
सत्यछलानभिज्ञस्य द्वयं नश्यति भूपतेः ॥ ९३ ॥

राष्ट्रको राज्यभार अर्कालाई छ, अथवा निरर्थक कार्यमा लागेको छ, सत्य र कपट भन्ने कुराको ज्ञान छैन भने त्यस्ता राजाका लागि यो लोक र परलोक दुइवटै नाश हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वक्रैः क्रूरतरैर्लुब्धैर्नकुर्यान्प्रीतिसंगती ॥
वशिष्ठस्याहरद्धेनुं विश्वामित्रो निमंत्रितः ॥ ९४ ॥

वक्र अति क्रूर लोभीका साथ मित्रता नगर्नु । प्रेमले निमन्त्रण गरिएको विश्वामित्रले वशिष्ठको गाई हरण गरे ॥

अत्युन्नतपदारूढो मान्यपूजां न लंघयेत् ॥
नहुषः शक्रतां प्राप्य च्युतोऽगस्त्यापमानतः ॥ ९५ ॥

बुद्धिमान्ले उच्चतम पदमा पुगेर मान (इज्जत) अनुसारको सत्कार (मान भाउको) उल्लंघन गर्न हुँदैन । नहुष राजा इन्द्रको पदमा आरूढ भएर अगस्त्य ऋषिलाई अपमान गर्दा च्युत हुनु पर्‍यो ।

न लोकायत वादेन नास्तिकस्याददैवतः ॥
हरिः हिरण्यकशिपुं जघान स्तम्भनिर्गतः ॥ ९६ ॥

राजाले देवता नमान्ने परलोकको विश्वास नगर्ने नास्तिक हुनु हुँदैन । खम्बाबाट निक्लेर हरिले हिरण्यकशिपुलाई वध गर्नु पर्‍यो ।

न स्त्रीजितः प्रमुग्धः स्याद्गाढरागवशीकृतः ॥
पुत्रशोकाद्दशरथो दुःखी जायाजितोऽभवत् ॥ ९७ ॥

गहीरो प्रेमको वशमा परेर (स्त्रैण) स्त्रीजित भैकन अचेत (मूर्छा) हुनु हुन्दैन । जायाजित (स्त्रैण) हुँदा राजा दशरथ पुत्र शोकले दुःखी हुनु भयो ।

छलारम्भोद्गरं कर्म न चरेद्गुरुसंनिधौ ॥
ब्राह्मणछललब्धा वै विद्याः कर्णस्य निस्फलाः ॥ ९८ ॥

गुरूको सामुन्ने छल कपट गर्न हुँदैन । ब्राह्मणको नकल गर्दा कर्णले परशुरामबाट प्राप्त भएको विद्या विफल भयो ॥

ब्राह्मणान्नावमन्येत ब्रह्मशापो हि दुःसहः ॥
तक्षकाग्नौ हुतः कोपाद्ब्राह्मणस्य परीक्षितः ॥ ९९ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ब्राह्मणलाई कुनै समयमा पनि अपमान गर्न हुँदैन। ब्रह्मशाप अति नै कडा हुन्छ। ब्राह्मणको कोप गर्दा परीक्षित राजा तक्षकरूपि अग्निमा होमिनु पर्‍यो॥

तेजस्विनि क्षमोपेते नाति कर्कशमाचरेत् ॥
अतिनिर्मथनाद्वह्निश्चन्दनादपि जायते ॥ २०० ॥

शक्तिशाली निर्दयी अति कडा हुन हुँदैन। अति मन्थन गर्दा चन्दनको वृक्षबाट पनि आगो निक्लन्छ॥

ब्राह्मणेषु च ये शूराः स्त्रीषु ज्ञातिकुलेषु च ॥
वृंतादिव फलं पक्वमवश्यन्निपतंति ते ॥ १ ॥

जो ब्राह्मणहरूमा साहसी स्त्री जातीमा र यस्तै बन्धु वंशमा पनि साहसी घमण्डी हुन्छन् ती व्यक्तिहरू पाकेको फल भेटनुबाट खसे झैं अधः पतन हुन्छन्। अतः घमण्डी हुनु हुँदैन॥

देवब्रह्मस्वपुष्टानि सैन्यानि पृथिवीपतेः ॥
युद्धकाले विशीर्यन्ते सिकताः सेतवो यथा ॥ २ ॥

देवस्व र ब्रह्मस्वद्वारा हृष्टपुष्ट भएका राजाका सेनाहरू युद्धको समयमा वालुवाको पुल नाश भए झैं हुन्छन्। अतः देवस्व र ब्रह्मस्वबाट बचावट गर्नु योग्य हुन्छ॥

नचानुजीविनं पश्योदकल्पं पृथिवीपतिः ॥
अन्यत्रात्ययिकाद्रोगाद्व्याधिसंसर्गदोषतः ॥ ३ ॥

राजाले सेवकहरूलाई ठूलठूला कडा रोग व्याधि सरूवा रोगादिका दोषहरू देखि बाहेक अरू समयमा हेरविचार गरिरहन पर्दैन॥

धर्मानेवं राजवृत्तिहितान्संचित्य शास्वतः ॥
आप्तमित्रयुतो राजा व्यायामगृहमाविशेत् ॥ ४ ॥

राजाले माथि बताएका धर्म अवस्था शास्त्रानुसार ठीक संझेर हितैषी मित्रका साथ व्यायाम (कसरत) गर्ने घरमा प्रवेश गर्नु पर्दछ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्यायामबन्धशस्त्रादिक्षेपमभ्यस्य यत्नतः ॥

विसृज्य युद्धकुशलान्विशेदन्तःपुरं नृपः ॥ ५ ॥

कसरत गर्दै यत्नपूर्वक शस्त्र अस्त्र र हातहतियार चलाउन अभ्यास गरेर चतुरो भएर युद्धमा चतुरा सैन्यलाई व्यायाम-घरमा छोडेर राजाले अन्तपुर (दरबारमा) प्रवेश गर्नु पर्छ ॥

निषेवितो वर्षधरैः कंचुकोश्नीषधारिभिः ॥

अन्तःपुरेषु विचरेदाप्तैराप्तमहायुधैः ॥ ६ ॥

राजाले वर्षादिकोट टोपी लगाएका सेनाहरूद्वारा सुरक्षित रहेर हितैषी मित्र महायोधाहरूकासाथ अन्तपुरमा घुमफिर गर्नु पर्दछ ॥

मध्याह्नस्नानसंध्यादिं कृत्वा वैद्यादिसेवितः ॥

गुप्तं परीक्षितं स्वादु सर्वमद्याद्यथारुचिः ॥ ७ ॥

राजाले मध्यान्ह स्नान संध्यादि कर्म गरेर चिकित्सक, वैद्य, डाक्टरद्वारा स्वास्थ्यको परीक्षा गराई जाँचबुझ गरी सुरक्षित आफ्नो इच्छा अनुसार सबै स्वादिलो पदार्थ भोजन गर्नु पर्दछ ॥

विषघ्नैरुदकैश्चैवं सर्वद्रव्याणि योजयेत् ॥

श्वेतपुष्करवृन्ताकपुष्पादिविषहारकम् ॥ ८ ॥

संपूर्ण भक्ष्य भोज्य वस्तुहरू विषमारक पदार्थ र पानीले समेत शुद्धिकरण गराउनु पर्दछ। सेतो कमलको फूल, भण्टाको फूल इत्यादि पदार्थहरू विषनाशक हुन् ॥

रक्षितो गरूडोद्गारमणिर्यस्य विभूषणम् ॥

स्थावरं जङ्गमं तस्य विषं नाक्रमते तनौ ॥ ९ ॥

विषनाशक गरूडोद्गार मणि जडेको अलंकार गहना जसको शरीरमा लगाएको हुन्छ। त्यसको शरीरमा चल अचल कुनै विषले आक्रमण गर्न सक्तैन ॥

भोज्यमन्नं परीक्षार्थं प्रदद्यात्पूर्वमग्नये ॥

वयोभ्यश्च ततो दद्यात्ततो लिङ्गानि लक्षयेत् ॥ १० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खाने चीज (भक्ष्य पदार्थ) परीक्षा गर्न पहिले अग्निमा चढाउनु, कागलाई वलि दिनु त्यसपछि लक्षण विचार गर्नु ॥

धूम्रार्चिःनीलता वह्नेः शब्दस्फोटश्च जायते ॥
अन्नेन विषदिग्धेन वयसां मरणं ध्रुवम् ॥ ११ ॥

यसरी अग्निमा चढाउँदा अग्निको ज्वाला ध्वांसो भएर नीलो भावको देखिन्छ, शब्द गरेर पड्किन्छ । त्यस्तो भएर विषमिश्रित अन्न रहेछ भने त्यो खानासाथ कागको अवश्य नै मरण हुन्छ ।

भृङ्गराजः शुकश्चैव सारिका चेति पक्षिणः ॥
क्रोशन्ति भृशमुद्विग्ना विषभीतिसमाकुलाः ॥ १२ ॥

यस्तै विष विदग्ध भई भृङ्गराज पंक्षी, सुगा, मैना आदि पंक्षिहरू विषको भयले व्याकुल भएर ठूलो स्वर गरी कराउँछन् ॥

परस्मादागतं किंचित्तत्सर्वं संपरिक्षयेत् ॥
एवमादीनि लिङ्गानि विनिश्चित्य तु भक्षयेत् ॥ १३ ॥

वाहिरबाट अरूले ल्याएको सबै खाद्य पदार्थ राम्रो जांचबुझ गरी लक्षण विचार गरेर निधो गरेर मात्र भोजन गर्नु पर्दछ ॥

भुक्त्वा निःसृज्य च ततो विलासगृहमाव्रजेत् ॥
विसृज्य पुरूषान् सर्वान् नारीभिः सेवितो नृपः ॥ १४ ॥

राम्रोसंग भोजन गरेर भोजनशाला भान्साबाट वाहिर गए पछि पुरूष जातिलाई वाहिर छोडेर युवतीजनले सुशोभित राजाले विलास भवनमा प्रवेश गर्नु ॥

समागतां गन्धमाल्यभूषालंकृतविग्रहाम् ॥
देवीं प्रतोष्य विहरेत् षष्ठे वा सप्तमेंशके ॥ १५ ॥

सुगन्धी टीका माला आदि अलङ्कार शृङ्गारहरूले परिपूर्ण भएकी सुन्दरीलाई खुशी गराएर छैटौं प्रहर अथवा सातौं प्रहरमा विलास गरून् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

न हि देवीगृहं गच्छेदात्मीयात्सन्निवेशनात् ॥
अत्यर्थं वल्लभोपीह विश्वासं स्त्रीषु न व्रजेत् ॥ १६ ॥

सुन्दरी स्त्रीको घरमा हितैषी मानेर प्रवेश नगर्नु । ज्यादै मन परेको भए पनि स्त्री जातिको विश्वासमा पर्नु हुँदैन ॥

देवीगृहगतं भ्राता भद्रसेनममारयत् ॥
कनीयान् वीरसेनोऽसौ देव्या संप्रेरितः खलः ॥ १७ ॥

यसरी सुन्दरी स्त्रीको घरमा गएका भद्रसेनलाई देवी (स्त्री) ले पठाएको कान्छो भाई वीरसेनले मारिदिए ।

कारुष्याधिपसौरसेनतनयेनामारयद्वल्लभा ॥
सापत्न्यात्मजराज्यदानकुपिता तल्पे रहस्यागतम् ॥
सौवीरं रसनागतेन मणिना वैरंत्यमत्यादरं ॥
मंजीरेण विषावृतेन च तथा दर्शेन जारूपकम् ॥ १८ ॥

स्त्रीमा विश्वास पर्दा कारूष्य देशका राजाका छोराद्वारा प्रेमले सौताको छोरालाई राज्य दिए भनेर क्रोधित भएकी युवतीले सौवीरलाई वध गराइन् । यस्तै कमरमा बाँधेर कन्धनीमा लर्केको मणिद्वारा वैरंत्यलाई वध गराइन्, पाञ्जेबद्वारा अत्यादरलाई वध गराइन्, त्यस्तै विष प्रयोग गरेर ऐनामा जारूपकलाई मारिन् भने स्त्रीजनको विश्वास पर्न हुँदैन ॥

यस्य दाराः सुगुप्ताः स्यु पुरुषैरिष्टकारिभिः ॥
सर्वभोगाचितं तस्य हस्ते लोकद्वयं स्थितम् ॥ १९ ॥

जसका नारीहरू हितैषी मित्र पुरूष मार्फत सुरक्षित रहन्छन् । त्यस्ता पुरूषको हातमा यस लोक र परलोक दुवै लोकको परमानन्द भोग रहने हुन्छ ॥

सप्तमेऽन्तःपुरात्सम्यग्वेषालंकारशोभितः ॥
वहिर्निःसृत्य संपश्येद्वाहनाभरणानि च ॥ २० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सातौं प्रहरको आखिरमा पवित्र पोशाक र अलङ्कारहरूले समेत सुशोभित भएर अन्तपुर (राजदरवार) वाहिर निस्केर हात्ति, घोडा, मोटर आदि वाहन र आभरण (गहना) पोशाक आदिको पनि राम्रोसंग निरीक्षण गर्नु पर्दछ ॥

आयुधानि च दिव्यानि तद्गुणादिं परीक्षयेत् ॥
कृत्वा चैवं प्रविश्याशु सन्ध्यां चोपास्य भूपतिः ॥ २१ ॥

राजाले उत्तम उत्तम हातहतियार काम दिन सक्ने नसक्ने सजि सजावट गर्न पर्ने नपर्ने सबै यथार्थ परीक्षा गरेर अन्तपुरभित्र प्रवेश गरी यथाशीघ्र सन्ध्यावन्दन आदि नित्यकर्म गर्नु पर्दछ ॥

अमात्यवर्यं धर्मज्ञं दन्तं प्राज्ञं कुलोद्भवम् ॥
गृहीत्वा विजनं स्थानमुन्नतं तु समाश्रयेत् ॥ २२ ॥

राजाले धार्मिक इन्द्रिय निग्रह गर्न सक्ने बुद्धिमानी कुलीन इमान्दार मन्त्रीलाई साथमा लिएर एकान्त उन्नत ठाउँमा रहेर सबै कुराको सल्लाह लिनु पर्छ ॥

गिरीपृष्ठं समारुह्य प्रासादं वा रहोगतः ॥
अरण्ये निःशलाके वा पञ्चाङ्गं मंत्रयेन्नृपः ॥ २३ ॥

राजाले पर्वतको टाकुरामा, दरवारमा अथवा एकान्त स्थलमा अथवा जङ्गलमा मुलायम (नरम) स्थलमा वसेर पञ्चाङ्गको विचार गर्नु पर्दछ ॥

सहायाः साधनोपाया विभागो देशकालयोः ।
विनिपातः प्रतिकारः सिद्धिःपञ्चाङ्ग इष्यते ॥ २४ ॥

सहाय, साधनोपाय, देशकालको विभाग, विनिपात, प्रतीकार सिद्धि यी पञ्चाङ्ग हुन् ।

षट्कर्णो भिद्यते मंत्रश्चतुष्कर्णः स्थिरो भवेत् ॥
द्विकर्णस्य तु मंत्रस्य ब्रह्माप्यंतं न गच्छति ॥ २५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

४ कानहरूबाट गरिएको सल्लाह मात्र ठिक हुन्छ। ६ कान भएर गरेको राय ठीक हुँदैन। २ जनाको सल्लाह मात्र गोप्य हुन्छ। ३ जना बसेर गरेको सल्लाह उपयुक्त हुँदैन ॥

यस्य मन्त्रं न जानन्ति समागम्य पृथग्जनाः ॥
स कृत्स्नां पृथिवीं भुङ्क्ते कोपहीनो पिऽपार्थिवः ॥ २६ ॥

जस्को (अर्थात्) जुन राजाको गोप्य कुरा वेग्ला वेग्लै जनता संग हुन्छ, कसैले पनि ज्ञान गर्न सक्तैनन् (जान्दैनन्)। त्यस्ता राजाले कोषहीन भएको भए पनि चक्रवर्ति भएर सम्पूर्ण राज्य लक्ष्मीको उपभोग गर्दछन् ॥

जडमूकान्धवधिरांस्तिर्यग्योनीन्वयोतिगान् ॥
स्त्रीम्लेच्छव्याधितव्यङ्गान् मंत्रकालेऽपसारयेत् ॥ २७ ॥

मूर्ख, लाटो, वहिरो, नीच, अतिवृद्ध, स्त्री, म्लेच्छ, रोगी, हीनाङ्ग (वाङ्गो) यिनीहरूलाई मन्त्रकालमा साथमा नराख्नु। राजकाजको राय सल्लाहमा वर्जित छन्।

चरान्प्रवेश्य निभृतं जानीयाद्राष्ट्रचेष्टितम् ॥
प्रारब्धशेषकार्यं च दूतसंप्रेषणादिकम् ॥ २८ ॥

राजाले गुप्तचरहरूलाई पठाएर राष्ट्रचेष्टित गुप्त कुराहरू ज्ञान गर्नु पर्दछ। आरम्भ गरेको र वाँकि भएको तथा राजदूत पठाइएको सारा गोप्य कुराहरू गुप्तचर मार्फत पनि ज्ञान गर्नु पर्दछ।

मण्डलस्य गतिं ज्ञात्वा दत्वा च पारितोषिकम् ॥
द्रव्यादिगूढं वहुलं चरानाशु विसर्जयेत् ॥ २९ ॥

राजाले गुप्तचरद्वारा सबै मन्त्र सल्लाह र गोप्य कुराहरू मन्त्रिमण्डलको गतिविधि बुझेर पुरस्कार (वकस) रूपियाँ प्राइवेट भेटी धेरै दिएर खुशी गराएर जाउ भनेर विदा दिनु पर्छ ॥

मंत्रिणा सहसोपायं कृत्यं सम्यग्विचारयेत् ॥
परस्परविरूद्धानामर्थानां समुपार्जनम् ॥ ३० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सभामा भएको निर्णयानुसार कार्य गर्नु पर्ने कुराहरू राम्रोसंग मन्त्रिले परस्परमा विरूद्ध भएका अर्थोपार्जनको कुरा विचार गरी लागु गर्नु पर्दछ ॥

कन्यानां संप्रदानं च कुमाराणां च रक्षणम् ॥
विचार्यैवं बुधादाप्ताद्रहस्याख्यायिकादिकम् ॥ ३१ ॥

कन्या दिने, कुमारको संरक्षण गर्ने इत्यादि राजकाज राष्ट्रमा पर्न आउने काम, एकान्तमा भएका योग्य हितैषी बुद्धिमान् मित्रहरूसंग पनि राय लिएर विचार गरेर मात्र लागु गराउनु पर्दछ ।

श्रुत्वा मंत्र्यादिजनतामनुज्ञाय महीपतिः ॥
प्रविशेद्भोजनार्थं तु स्त्रीवृतोऽतःपुरं पुनः ॥ ३२ ॥

राजाले सभामा भएको राय सल्लाह गोप्य कुरा आदि सुनेर सो अनुसार जस जसलाई आदेश दिनु पर्दछ दिएर भोजनको निमित्त नारी जन सहित भएर अन्तपुरमा प्रवेश गर्नु पर्दछ ॥

तेऽपि कर्म यथाशास्त्रं देशकालविभागतः ॥
प्रयोजयेयुः संस्मृत्य भर्तुराज्ञां नयं तथा ॥ ३३ ॥

राजाको आज्ञा अनुसार कार्यकर्ताहरू सबै कर्मचारीहरूले देश काल समय शास्त्र नियम राजाज्ञा समेतको विचार राखेर समयमा नै कार्यको शुभारम्भ गरून् ॥

भुक्त्वा तु नृपतिः स्वल्पं तूर्यघोषै प्रहर्षितः ॥
गतसार्द्धैकयामायां निशायां शयनं चरेत् ॥ ३४ ॥

राजाले नियमित ठीक स्वल्प भोजन गरेर वाजाका शब्दले हर्ष भएर डेढ प्रहर रात गएपछि रात्रीको समयमा पलङ्गमा आनन्दले शयन गर्नु पर्छ ।

धर्ममिच्छन्नरपतिः सर्वान्दारानतुक्रमात् ॥
गच्छेदनुनिशं नित्यं वाजीकरणबृंहितः ॥ ३५ ॥

धर्मको विचार गर्ने राजाले वाजीकरणका साधनद्वारा तंदुरूस्त भएर सबै श्रीमतीसाथ क्रमैसंग रात्री नै पिच्छे संभोग गरून् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नोत्तरस्यां प्रतीच्यां च कुर्वीत शयने शिरः ॥
शय्याविपर्ययाद्गर्भोदितेः शक्रेण घातितः ॥ ३६ ॥

शयन गर्दा उत्तर पश्चिम शिर गरेर नसुत्नु । शय्याको शीरान् उल्टो गरी शयन गर्दा इन्द्रले दितीको गर्भ भित्र गएर बच्चालाई टुक्रा टुक्रा पारीदिए ॥

सूतमागधवंद्यादिजयाशीरभिनन्दितः ॥
उत्तिष्ठे त यथाकालं प्रत्यहं त्वेवमाचरेत् ॥ ३७ ॥

राजाले स्तुति पाठक (मागध वंद्या) का जीत वाजीका शुभ सूचक प्रशंसा गरिएका शब्दद्वारा हरेक दिन नित्य समयमा नै उठनु पर्दछ ।

एतद्विधानमातिष्ठेदरोगः पृथिवीपतिः ॥
अशक्तो राष्ट्रकार्यं तु सुभृत्ये विनियोजयेत् ॥ ३८ ॥

निरोगी भएका तंदुरूस्ति राजाले माथि बताएको नियममा रहनु पर्दछ । राजकाजमा असमर्थ भएको बखत योग्य इमान्दार सेवक मन्त्रिद्वारा राष्ट्रको सबै कार्य चलाउनु पर्दछ ॥

नरपतिहितकर्ता द्वेष्यतां याति लोके जनपदहितकर्ता मुच्यते पार्थिवेन्द्रैः ॥
इति महति विचारे वर्तमाने समाने नृपतिजनपदानां दुर्लभः कार्यकर्ता ॥ ३० ॥

हुन त राजाको कल्याण संम्झेर काम गरेमा जनतामा शत्रुपना हुन्छ । जनताको कल्याण संम्झेर काम गरेमा राजाबाट परस्त हुनु पर्छ । यो ठूलो विचार २ तर्फ नै बराबर हुन आउँछ । परन्तु राजाको र जनता समेतको कल्याण चिताएर काम गर्ने कार्यकर्ता मिल्न दुर्लभ हुन्छ ॥

फलानुमेयाः सर्वत्र परोक्षगुणवृत्तयः ॥
तस्मात्परोक्षवृत्तीनां फलैः कर्मोपलक्षयेत् । ४० ॥

परोक्षका गुण वृत्तिहरू फलद्वारा सबै ठाउँमा अनुमान गर्नु पर्दछ । त्यसकारण परोक्ष वृत्तिको फलद्वारा नै कार्यको लक्षण गर्नु पर्दछ । अर्थात् आँखाले नदेखिएका काम आदि अनुमान गर्नु पर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुवृत्तो राज्यरक्षादिसमर्थश्च यदात्मजः ॥
तदा मन्त्र्यादिसंमत्या यौवराज्येऽभिषिचयेत् ॥ ४१ ॥

जहिले राजकुमार सुयोग्य विद्वान् सुचरित्रवान् राज्यको रक्षामा समर्थ हुनु हुन्छ । त्यसवेला मन्त्रिहरूको संमति लिएर यौवराज्यको पदमा नियुक्त गरेर शुभ मुहुर्त्तमा अभिषेक दिनु पर्दछ ॥

ख्यातः पण्डितराजरम्यपदवीं योऽद्यद्रिराजेश्वरा-
दाप्तः श्रीव्रजनाथनामविदितो वेदाङ्गशास्त्रोज्ज्वलः ॥
भूपानन्दिनि तत्सुतेन रचिते नीतिप्रबन्धेऽतुले
संपूर्णो नृपधर्मबोधनिपुणोऽद्वैतो विलासः शुभः ॥

राजाको असीम निगाहबाट पण्डितराज पदवी उपलब्ध भएका वेदवेदाङ्ग शास्त्रमा प्रसिद्ध विद्वान् श्री व्रजनाथका छोरा श्री रङ्गनाथले रचना गरेको अतुलनीय नीति प्रबन्धले युक्त भएको राजविधानसारको दोस्रो विलास सम्पूर्ण भयो ।

इति श्रीमद्विद्वन्मणिगणकिरणनीराजितचरण-
श्रीपण्डितराजव्रजनाथपण्डितात्मजश्रीपण्डितराज-
रङ्गनाथसूरिविरचिते राजविधानसारे राजधर्म्म-
कथनो नाम द्वितीयो विलासः ॥ २ ॥
शुभमस्तु समीक्षणकर्तुः ॥

सबै विद्वान्हरूले मानिएका पण्डितराज व्रजनाथका सुपुत्र विद्वान् श्री रङ्गनाथले रचना गर्नु भएको अतुलनीय नीति प्रबन्ध राजविधानसारको राजधर्म प्रकरण समाप्त भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मुद्रकः— संकटा प्रेस, टेवहाल ख१-८३ काठमाडौं-३

CC-0. Nepal Sanskrit Academy, Kathmandu